# रातो खबर

Ratokhabar weekly

साप्ताहिक


## प्रचण्डका नेता विप्लवतिर

■ रातो खबर संवाददाता/काठमाडौं

तत्कालीन नेकपा (माओवादी केन्द्र) नेकपा (एमाले) मा विलय भएको भन्दै उक्त पार्टीका एक नेता नेकपामा प्रवेश गरेका छन् । पर्वतमा तत्कालीन माओवादी केन्द्रका स्थानीय नेता खगेन्द्र अर्याल 'ध्रुव' नेपाल कम्युनिस्ट पार्टी पर्वतमा प्रवेश गरेका हुन् । ध्रुवले आइतबार प्रेसविज्ञप्ति जारी गर्दै जनयुद्धको लक्ष्य भुलेर घात गर्दै प्रचण्ड संसद्वादमा पतन भएको भन्दै नेकपामा प्रवेश गरेको बताएका छन् । यस्तै देशका विभिन्न ठाउँहरूबाट पनि पूर्वमाओवादी केन्द्रका नेताकार्यकर्ताहरू विप्लव नेतृत्वको नेकपामा प्रवेश गरिरहेको उक्त पार्टीले जनाएको छ । यसैगरी स्याङ्जाबाट प्राप्त समाचार अनुसार तत्कालीन नेकपा (माओवादी केन्द्र)

... बाँकी पृष्ठ ७ मा

वर्ष ४, अङ्क ७, पूर्णाङ्क १५३ | २०७५ साउन ९ गते बुधबार | Wednesday, 25 July 2018 | www.eratokhabar.com | मूल्य रु. १०

## नेताको घर र उद्योगमा बम

■ रातो खबर संवाददाता/

राष्ट्रिय जनता पार्टीका अध्यक्षमण्डलका सदस्य तथा प्रतिनिधिसभाका सदस्य राजेन्द्र महतो र प्रदेशसभा सदस्य महेन्द्र महतोको घरमा बम फेलापरेको छ । सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिका २ स्थित ती नेता महतोहरूको घरमा बम भेटिएको हो । उनीहरूमाथि पद र शक्तिमा रहँदा चरम भ्रष्टाचार गरेको, सर्लाहीकै नारिमनतालवरिपरि बसेका सुकुमबासीलाई हटाउने षड्यन्त्र गरेको, बाटो खन्ने नाममा किसानको जग्गामा क्षति पुऱ्याएको र सडक बिगारेको आरोप लागिरहको बेला उनीहरूको घरमा बम भेटिएको हो । उक्त घटनाको जिम्मा हालसम्म कसैले लिएको छैन । उक्त बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पारेको थियो ।

यसैबीच कैलालीको लम्कीमा रहेको गुट्खा उद्योगमा दुईवटा बम फेलापरेको छ । लम्की चुहा नगरपालिका १ स्थित लम्की बजारमा रहेको मेघाश्री गुट्खा उद्योग परिसरमा बम फेलापरेको हो । उक्त मेघाश्री गुट्खा उद्योग सुदूर तथा मध्यपश्चिममा एकलौटी बजार बनाएको उद्योग हो । मेघाश्रीको उत्पादनमा केमिकल धेरै प्रयोग हुने भएकाले जनस्वास्थ्यमा गम्भीर असर पारेको भन्दै स्थानीय स्तरमा विरोध भइरहेको थियो ।

# नेकपाका संस्थापक नेता पुष्पलालको स्मृति

■ रातो खबर संवाददाता/काठमाडौं

नेपालमा जहानिया राणाशासनको अत्याचारका कारण जनता आजित बनिरहेको समयमा २००६ सालमा नेपालमा कम्युनिस्ट पार्टी स्थापना गर्ने नेकपाका संस्थापक पुष्पलालको ४० औं स्मृति दिवस सोमबार देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपालका विभिन्न कम्युनिस्ट घटकले पुष्पलालको सम्झना गरेका छन् । नेपाली क्रान्तिका सिद्धान्तकारका रूपमा परिचित पुष्पलालले आफ्नो जीवनभर जनताको स्वतन्त्रताका पक्षमा लामो सङ्घर्ष गरेका थिए । १९८१ साल असार १५ गते रामेछापको भँगेरीमा जन्मेका उनी कम्युनिस्ट पार्टी विस्तार अभियानमा देशका विभिन्न ठाउँमा पुगेका थिए । पुष्पलाल राणाविरोधी आन्दोलनका अगुवा सहिद गङ्गालाल श्रेष्ठका माइला भाइ हुन् । पुष्पलालले मार्क्स-एङ्गेल्सद्वारा लिखित कम्युनिस्ट घोषणापत्रलाई २००५ सालमा नेपालीमा अनुवाद गरी नेपाली कम्युनिस्ट आन्दोलनमा थप योगदान गरेका थिए ।

पुष्पलालले २००६ साल वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । त्यो हिसाबले आज नेपालमा कम्युनिस्टको बिउ रोपिएको सात दशक भएको छ । २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना हुँदा पुष्पलालसहित चारजना युवक नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य र नारायणविलास



निर्वासनमा रहँदा पुष्पलाल

जोशी मात्र थिए । तर आजसम्म आउँदा नेपालमा कुल जनसङ्ख्याको आधाभन्दा बढी नेपाली जनता कम्युनिस्ट विचारधारामा सहमत छन् । यो अवधिमा २०५२ सालमा कम्युनिस्ट पार्टीकै नेतृत्वमा सशस्त्र जनयुद्ध सुरु भयो । जनयुद्ध रणनीतिक सन्तुलन हुँदै प्रत्याक्रमणको चरणमा प्रवेश गरेको थियो भने देशको ८० प्रतिशत भूगोलमा जनसत्ताको अभ्याससमेत भएको थियो । तर जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा प्रचण्ड-बाबुरामहरू संसद्वादी बाटो समातेर पछि फर्केका कारण जनयुद्धका सबै उपलब्धिको रक्षा हुन सकेन । परिणामस्वरूप जनताले सञ्चालन गरेको जनसत्ता र ३० हजारभन्दा बढीको सङ्ख्यामा जनताको बीचमा तैनाथ जनसेना पनि विघटन गरियो । तैपनि अहिले कम्युनिस्ट पार्टीको नेतृत्वमा एउटा क्रान्तिकारी धार निरन्तर क्रान्तिमा छ । नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा एकीकृत जनक्रान्तिको कार्यदिशामा अघि बढिरहेको नेकपा मात्रै वास्तविक कम्युनिस्ट विचार र सिद्धान्त बोकेर अघि बढिरहेको छ । अन्य केही कम्युनिस्ट घटकहरू पनि छन् । बाँकी प्रचण्ड र केपी ओलीहरू संसदीय भासमा डुबिसकेका छन् ।

पुष्पलालको मृत्यु भएको चार दशकसम्म पनि उनको योगदान नेपाली कम्युनिस्ट आन्दोलनमा अमर छ । पुष्पलाल स्मृति दिवसका अवसरमा कम्युनिस्ट आन्दोलनका पुराना नेता मोहनविक्रमले आफूलाई कम्युनिस्ट बताउने ओली र प्रचण्डहरू अहिले पुष्पलालको बाटोमा नरहेको बताएका छन् । एक सञ्चारमाध्यमसँग कुरा गर्दै सिंहले सत्ताधारी नेकपाका नेताहरू केपी ओली र प्रचण्डले मार्क्सवाद र लेनिनवादसमेत परित्याग गरेको भन्दै उनीहरू कम्युनिस्ट नै नरहेको

... बाँकी पृष्ठ ८ मा

## मजदुरहरूद्वारा सङ्घर्ष घोषणा

■ रातो खबर संवाददाता/काठमाडौं




विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घलगायत चारवटा मजदुर सङ्गठनहरूले संयुक्त सङ्घर्षको कार्यक्रम घोषणा गरेका छन् । शुक्रबार काठमाडौंको अनामनगरस्थित संवाद डबलीमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, गोपाल किराँती (साइँला) नेतृत्वको नेकपा (माओवादी केन्द्र) निकट क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, नेपाल र नेकपा (माले) निकट प्रगतिशील स्वतन्त्र ट्रेड युनियन महासङ्घ (पिकोन्ट) ले संयुक्त पत्रकारसम्मेलन गरेर आन्दोलन घोषणा गरेका हुन् ।

सरकारले हालै सार्वजनिक गरेको मजदुरहरूको न्यूनतम पारिश्रमिकले आममजदुरलाई अपमान गरेको भन्दै चारवटा मजदुर सङ्गठनहरूले सङ्घर्षको घोषणा गरेका हुन् । बढ्दो महँगीलाई ख्याल गरी मजदुर सङ्गठनहरूले मासिक २५ हजार रुपैयाँ पारिश्रमिक तोक्न मागसमेत गरेका छन् ।

पत्रकारसम्मेलनमा गोपाल किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र) निकट क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, नेपालका अध्यक्ष राजन तिमल्सिनाले विगतजस्तै यो सरकारले पनि मजदुरमारा नीति ल्याएको भन्दै आपत्ति

बाँकी पृष्ठ ८ मा

## डा. गोविन्द केसीको अनशन र सरकारी उदासीनता

■ अम्बिका चन्द/काठमाडौं



चिकित्सा शिक्षा सुधारलगायत माग राखेर जुम्ला हुँदै काठमाडौं महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा १५ औँपटक आमरण अनशन बसेका प्राडा गोविन्द केसीको समर्थनमा 'सोलिडारिटी फर डा. गोविन्द केसी अलायन्स' ले सडकमा विरोध जुलुस मात्र प्रदर्शन गरेको छैन, सोमबारबाट वसन्तपुरमा सामूहिक सत्याग्रहसमेत सुरु गरेको छ । डा. गोविन्द केसी चिकित्सा शिक्षा र स्वास्थ्य सेवामा सुधारका माग राख्दै २५ दिनदेखि अनशनमा छन् । अनशनरत डा. केसी, उनका पक्षमा गरिएको आन्दोलन र सरकारी अभिव्यक्तिलाई लिएर विभिन्नखाले बहस भइरहेका छन् । सत्ताबाहिर रहेको काङ्ग्रेस, ऊ नजिकका र केही स्वतन्त्र व्यक्तिहरू पनि डा. केसीको जीवनरक्षाको माग गर्दै केसीका जायज मागहरू सरकारले सम्बोधन गर्नुपर्ने भनी आन्दोलनमा छन् ।

**समाचार विश्लेषण**

सोलिडारिटी फर डा. केसी अलायन्सको आह्वानमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, पूर्वप्रधानन्यायाधीशसुशीलाकार्की, पूर्वउपकुलपति केदारभक्त माथेमा, खगेन्द्र सङ्ग्रौला, श्याम श्रेष्ठ, मनीषा कोइराला, कृष्ण पहाडीदेखि रवीन्द्र मिश्रसम्म सडकमा निस्किएर केसीको सत्याग्रहप्रति ऐक्यबद्धता जनाए । उनीहरूले सरकार स्वेच्छाचारी ढङ्गले अघि बढिरहेको र तानाशाही शासन लाद्न खोजेको बताए । उनीहरूले सरकारलाई श्री ३ सँग

बाँकी पृष्ठ ७ मा

## नेपाल इन्जिनियरिङ कलेजको लडाइँ उत्कर्षमा



■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल इन्जिनियरिङ कलेज, भक्तपुरमा सामाजिक संस्था हुनुपर्ने र प्रा.लि. दर्ता गरी कलेज खान खोज्नेका बीच सोमबार जिल्ला प्रशासन कार्यालय भक्तपुरमा छलफल भएको छ । प्रधानमन्त्री कार्यालयको निर्देशनबमोजिम भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टको उपस्थितिमा छलफल भएको हो । छलफलमा कलेजमा भएका चरम आर्थिक हिनामिना

बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवादको सफलता

**देश/परिवेश**

■ विप्लव



कुनै समय मानव-कल्पनाजस्तो लाग्ने र कहिलेकहीँ 'भूत' जस्तो लाग्ने वैज्ञानिक समाजवाद बीसौं शदीको आरम्भमा दुनियाँ हल्लाउँदै विजयी भयो । सन् १८७१ को पेरिस कम्युन विशेषतः सन् १९१७ को महान् अक्टोबर क्रान्तिको अभूतपूर्व विजयले केवल पेरिस र रुसका सत्ताच्यूत शासक र मालिकहरूलाई मात्र होइन, सिङ्गै दुनियाँका लुटेरा-वर्गलाई आफ्नो 'स्वर्ग' मा ज्वालामुखी फुटेजस्तो अनुभव गरायो । साम्यवादको असम्भावनाबारे रङ्गीविरङ्गी तर्क छाँटेर बसेका बुर्जुवा बौद्धिक कूपमण्डुकहरूलाई आकाशको उडानबाट जमिनमा झारेजस्तो महसुस भयो । उनीहरू आफ्नो आँखाअगाडिको साँचो घटनाबाट चकित र भयभीत हुँदै झट्पट वैज्ञानिक समाजवाद-साम्यवादको विरुद्धमा तरबार, भाला, बन्दुक जम्मा पार्दै षड्यन्त्र गर्नतर्फ लागे । अर्कोतिर आफ्नो बहुमूल्य श्रमलाई मालिकको फाइदाका लागि सुम्पिदिएर भयानक विपद्को जीवन भोगिरहेका सर्वहाराहरूले पहिलोपटक बन्धनरहित जीवनको खुला आकाशमा उड्न पाएको महसुस गरे । आफ्नो श्रम र उत्पादनको मालिक भएको आनन्द लिन पुगे । प्रत्यक्ष मुक्तिको अवसर नपाए पनि विजय सम्भव छ भन्ने विश्वासद्वारा विश्वभरिका सर्वहारावर्ग विशेष उत्साहका साथ एकताबद्ध हुन पुगे । क्रान्तिको सफलतासँगै वैज्ञानिक समाजवाद सिद्धान्तको क्षेत्रबाट व्यावहारिक प्रयोग (सत्ता निर्माण) का क्षेत्रमा प्रवेश गऱ्यो । साथै विश्व राजनीतिक मञ्चमा एक युगान्तकारी परिघटनाका रूपमा स्थापित बन्न पुग्यो । सन् १९४५ देखि सम्पन्न भएका पूर्वी युरोपका समाजवादी क्रान्तिहरू, सन् १९४९ मा सफल चिनियाँ नयाँ जनवादी क्रान्ति र भियतनाम, कोरिया, क्युबासम्मका सफल क्रान्तिहरूले वैज्ञानिक समाजवाद-साम्यवादलाई उदाउँदो युगका रूपमा प्रस्तुत गरे । समाजवादी-साम्यवादी व्यवस्थाको प्रभाव विश्वभरि फैलिन पुग्यो । वैज्ञानिक समाजवादको विजयलाई सुव्यवस्थित प्रकारले बुझ्नका लागि मुख्यतः चार चरणमा सम्पन्न क्रान्तिहरूलाई अध्ययन गर्न जरुरी छ जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) पेरिस कम्युनको विजय
(ख) महान् अक्टोबर क्रान्ति
(ग) पूर्वी युरोपमा समाजवादी सत्ता
(घ) चिनियाँ नयाँ जनवादी क्रान्ति

क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# इमानदार कम्युनिस्ट नेता पुष्पलालको सम्झना

झन्डै ७० वर्षअघिको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थाको नेपाली समाजलाई मुक्त गर्न नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादी समाज स्थापना गर्ने उद्घोष गर्ने नेपाल कम्युनिस्ट पार्टीका संस्थापक एवम् महासचिव पुष्पलालको निधन भएको ४० वर्ष भएको छ। उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नु इमानदार र क्रान्तिकारी कम्युनिस्टको कर्तव्य हो।

निरङ्कुश राणा शासकहरूले विद्रोहमा लागेका आफ्ना दाजु गङ्गालाल श्रेष्ठको क्रूरतापूर्वक हत्या गरेपछि उहाँ नेपालमा जनवादी क्रान्ति सम्पन्न गरेर सामन्ती-पुँजीवादी सबैखाले शोषण, दमन, अन्याय, अत्याचार अन्त्य गरी समानतामूलक समाज निर्माण गर्ने यात्रामा लामबद्ध बन्नुभयो। फलस्वरूप उहाँले २००५ सालमै मार्क्स-एङ्गेल्स लिखित कम्युनिस्ट पार्टीको घोषणापत्र नेपाली भाषामा अनुवाद गर्नुभयो र प्रकाशन गरेर वितरण गर्नुभयो। नेपाली काङ्ग्रेसले नेपाल र नेपाली जनताको मुक्ति गर्न सक्तैन भन्ने निष्कर्ष निकालेर नै पुष्पलाल कम्युनिस्ट पार्टी स्थापना गर्ने निष्कर्षमा पुग्नुभयो र विद्रोही युवा नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र निरञ्जनगोविन्द वैद्यलाई साथमा लिएर नेकपाको स्थापना गर्नुभयो।

'मकैको खेती' शीर्षकमा पुस्तक लेखेको आरोपमा कृष्णलाल अधिकारीलाई जेलमै सडाएर मार्ने अनि पुस्तकालय खोल्न तम्सिना सचेत युवाहरूलाई जेल हाल्ने र देशनिकाला गर्ने निरङ्कुश तथा जहानियाँ राणा शासनको समयमा त्यही शासनको अन्त्य गर्दै मुलुकमा समाजवाद स्थापना गर्ने उद्देश्यले कम्युनिस्ट पार्टी स्थापना गर्नु ठूलो चुनौतीको विषय थियो र त्यो एउटा सिर्जनात्मक विद्रोहको बाटो थियो। पुष्पलालले त्यो चुनौतीको बाटो रोज्नुभयो। त्यसैले उहाँ सिर्जनात्मक चेतनासहितका विद्रोही, विचारक र क्रान्तिकारी नेता पनि हुनुहुन्थ्यो।

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना हुँदै गर्दा उत्तरी छिमेकी चीन समाजवादको बाटोतिर अघि बढ्दै थियो भने दक्षिणतर्फको मुलुक भारत अङ्ग्रेज साम्राज्यको पञ्जाबाट मुक्त भएको अवस्था थियो तर नेपालमा भने जहानियाँ राणाशासनको जगजगी थियो। त्यसका विरुद्ध जनता एउटा विद्रोहको राँको बाल्ने पार्टी र कार्यक्रमको खोजीमा थिए। पुष्पलालले नेपाली समाजका अन्तरविरोधहरूको सही पहिचान, विश्लेषण र संश्लेषण गर्दै कम्युनिस्ट पार्टी स्थापना गर्नुभयो र अर्धसामन्ती तथा अर्धऔपनिवेशिक समाजबाट नेपाललाई मुक्त गराउने क्रान्तियात्रा आरम्भ गर्नुभयो। पुष्पलाल नेपालको कम्युनिस्ट आन्दोलनका 'पिता-माता' वा जन्मदाता हुनुहुन्छ।

साउन ७ गते जननेता एवम् नेपाली कम्युनिस्ट आन्दोलनका धरोहर पुष्पलालको जन्मजयन्ती वा स्मृति दिवस हो। १९८१ साल असार १५ गते रामेछापको भँगेरीमा जन्मिएका पुष्पलालको २०३५ साल साउन ७ गते प्रवासमा निर्वासित जीवन बिताइरहेको समयमा भारतको नयाँदिल्लीमा निधन भएको थियो। पुष्पलाल कम्युनिस्ट पार्टीका जन्मदाता र नेता मात्र हुनुहुन्नथ्यो, कम्युनिस्ट नै हुनुहुन्थ्यो। उहाँले आफ्नो नामसँग जोडिएको 'श्रेष्ठ' थर नै हटाइदिनुभयो र पुष्पलाल मात्र राख्नुभयो। ५४ वर्षको अल्पायुमै पुष्पलालको निधन भयो। १८ वर्ष लामो कठोर निर्वासित जीवन बिताउने पुष्पलाल पहिलो नेपाली राजनीतिज्ञ पनि हुनुहुन्छ।

पुष्पलाल राजनीतिज्ञ मात्र नभएर इतिहासकार, सिद्धान्तकार, बुद्धिजीवी, लेखक, समीक्षक र दूरदर्शी नेता पनि हुनुहुन्थ्यो। जनताको नयाँ जनवादी व्यवस्थाको व्याख्या गर्ने उहाँ पहिलो कम्युनिस्ट नेता हुनुहुन्छ। नेपाली कम्युनिस्ट आन्दोलनलाई वैचारिक दिशा दिने श्रेय पनि उहाँलाई नै छ। आजसम्मको नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा कयौँ नेताहरू दरबारपरस्त, भारतपरस्त, संसद्वादी, दक्षिणपन्थी बनेर आफ्नो इतिहास नै नामेट पारेका छन् तर पुष्पलाल सिद्धान्तप्रति अविचलित हुनुभएकै कारण विवादित बन्नुभएन। केही पात्रहरूले उहाँलाई व्यक्तिगत अहम्का कारण जबर्जस्ती विवादित बनाउने प्रयास गरे पनि कालान्तरमा आत्मालोचना गर्न बाध्य भए। जनयुद्ध लडिरहेकै समयमा तत्कालीन नेकपा (माओवादी) ले पुष्पलालमाथि लगाइएका आरोपहरू खारेज गर्दै 'इमानदार कम्युनिस्ट नेता' घोषणा गरेको थियो। नेकपाले पनि पुष्पलाललाई इमानदार कम्युनिस्ट नेताका रूपमा संश्लेषण गरेको छ।

नेपालमा अहिले दलाल संसदीय व्यवस्थाले जनतामाथि शासन गरिरहेको छ। यसका सञ्चालकहरू कम्युनिस्ट विचार, सिद्धान्त र व्यवहारबाट च्यूत भइसकेर पनि आफूलाई कम्युनिस्ट नै दाबी गरिरहेका छन्। उनीहरू जनताको मत प्रभावित पार्न पुष्पलालको नाम र तस्बिरको दुरुपयोग गरिरहेका छन्। वास्तवमा पुष्पलालको नाम लिने र स्मृति दिवस मनाउने अधिकार सच्चा कम्युनिस्ट र क्रान्तिकारीहरूलाई मात्र छ। एकीकृत जनक्रान्तिको माध्यमबाट सामाजिक दलाल पुँजीवादी पार्टीहरूले सञ्चालन गरेको फासिवादी सत्ताको अन्त्य र नयाँ जनवादी सत्ता हुँदै वैज्ञानिक समाजवादी समाजको स्थापना गर्नु नै पुष्पलालले देखाएको बाटोमा हिँड्नु हो। नेपालका क्रान्तिकारी कम्युनिस्टहरू यही यात्रामा लामबद्ध छन्। पुष्पलाल स्मृति दिवस तथा जन्मजयन्तीका अवसरमा हामी पुष्पलालले देखाएको बाटोमा हिँड्ने दृढता र प्रतिबद्धतासहित उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# नेकपाका संस्थापक नेता पुष्पलालको स्मृतिमा



सुदर्शन

मानिस मरेर गए पनि त्यस्ता मानिसहरूको स्मरण र चर्चा भइरहन्छ जसले मानिसद्वारा मानिसको शोषणको अन्त्य गर्न आफ्नो जीवन धरौटी राखेका हुन्छन्। पुष्पलाल त्यस्तै व्यक्ति हुनुहुन्थ्यो जसले शोषित-उत्पीडित जनताको मुक्तिका लागि आफ्ना व्यक्तिगत स्वार्थहरूलाई त्यागेर लड्दै जाँदा अल्पायुमै मृत्युवरण गर्नुभएको थियो। वि.सं. १५ असार १९८१ मा जन्मनुभएका उहाँको ५४ वर्षकै उमेरमा सात साउन २०३५ मा मृत्यु भएको थियो।

पुष्पलाल साँच्चै नामअनुसार नै फूलहरूमा रातो फुल्ने हुनुहुन्थ्यो र जनमुक्तिका लागि अमर हुनुभएको हो। उहाँको मृत्यु भएको पनि अहिले ४० वर्ष भइसकेको छ। साउन ७ गते पुष्पलालको जयन्ती हो। हाम्रातर्फबाट ४० औँ जन्मजयन्तीका अवसरमा हार्दिक श्रद्धासुमनसहित उहाँको नेपालमा नयाँ जनवादी क्रान्ति हुँदै वैज्ञानिक समाजवाद स्थापना गरी विश्वसाम्यवादको महान् सपनाको शिखरमा पुगिछोड्ने वैज्ञानिक अठोटमा अघि बढ्ने प्रतिज्ञा गरौँ। यही नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।

कमरेड पुष्पलालको जन्मजयन्तीका अवसरमा उहाँलाई स्मरण गर्नुको अर्थ उहाँका योगदानहरू स्मरण गर्नु र अधुरो कार्यभार पूरा गर्न कम्मर कस्नु हो। उहाँलाई हामी यसकारण गम्भीर रूपले स्मरण गर्दछौँ- उहाँले नै नेपालमा आफ्ना सहयोद्धाहरू नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द बैद्य र नारायणविलास जोशीसहित २००६ सालमा नेपालमा कम्युनिस्ट पार्टी स्थापना गर्नुभएको थियो। चीन भने नौलो जनवादी क्रान्तिसहित वैज्ञानिक समाजवादमा प्रवेश गरेको थियो भने भारत दुई वर्षअघि मात्र अङ्ग्रेजको जन्जिरबाट स्वतन्त्र भएको थियो। उत्तर र दक्षिणका दुवै छिमेकीले मुक्ति पाएको बेला नेपालमा उहाँले मुक्तिमार्गको साधन उद्घाटन गर्नुभएको थियो। जहाँनिया राणा शासन रहेकै अवस्थामा यो कार्य एउटा महान् र ऐतिहासिक सुरुआत थियो। त्यसकारण हामी क. पुष्पलाललाई सहिद गङ्गालाल श्रेष्ठका भाइ मात्र होइन, गङ्गालालको वास्तविक सपना पूरा गर्ने नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्य भनेर चिन्दछौँ। कुनै पनि कार्यको सुरुआत एउटा कठिन र जोखिमपूर्ण हुन्छ।

दोस्रो कुरा, उहाँ अथक र इमानदार कम्युनिस्ट योद्धा हुनुहुन्थ्यो। उहाँले मार्क्सको संश्लेषण 'विज्ञानको कुनै सीधा तथा फराकिलो राजमार्ग हुँदैन र त्यसको प्रकाशमा शिखरसम्म त्यो नै पुग्नसक्छ जो उसको अघिल्तिर उभिएको ठाडो उकालोदेखि डराउँदैन' लाई राम्रोसँग ग्रहण गर्नुभएको थियो। उहाँले पार्टीभित्र रायमाझी र तुल्सीलाल प्रवृत्तिसँग निरन्तर अन्तरसङ्घर्ष गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी र त्यसको सिद्धान्तको रक्षा गर्नुभएको थियो भने वर्गसङ्घर्षका खतरासँग मुकाबिला गर्नुभएको थियो। पार्टीभित्र कैयौँले उहाँको इमानदारीमाथि टेकेर आफ्नो स्वार्थ पूरा गर्न खोजेका थिए। अन्ततः उहाँको वैज्ञानिक इमानदारीको सिमेन्टेड पर्खालमा ठोक्किएर पछारिए। उहाँलाई गलाउने सपना चकनाचुर भयो।

तेस्रो कुरा, सोभियत सङ्घमा ख्रुस्चोभ सत्तामा आएपछि उसले शान्तिपूर्ण सङ्क्रमण, शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण प्रतिस्पर्धा र सबै जनताको पार्टीजस्ता वर्गसमन्वयवादी सिद्धान्त ल्यायो। यहीँबाट चीन कम्युनिस्ट पार्टी र सोभियत सङ्घ कम्युनिस्ट पार्टी (बोल्सेबिक) का बीच महान् बहस सुरु भयो। नेपालमा ख्रुस्चोभको कार्यदिशा अवलम्बन गर्दै तुल्सीलालले राष्ट्रिय प्रजातन्त्रको बाटो अपनाए। यसप्रकारको घरेलु र बाह्य संशोधनवादका विरुद्ध लड्दै पुष्पलाल माओको क्रान्तिकारी कार्यदिशा रक्षाका लागि कम्मर कसेर अघि बढ्नुभएको थियो। यो धैरै महत्वको कुरा हो। त्यसकारण उहाँ माओले विकास गर्नुभएको दीर्घकालीन जनयुद्ध, नयाँ जनवाद र वैज्ञानिक समाजवाद, सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति (महान् सर्वहारा सांस्कृतिक क्रान्ति) मा सतिसाल भएर उभिनुभयो।



'सजीवताबिनाको पार्टी सङ्गठन त केवल अस्थिपञ्जर मात्र हो।'

– पुष्पलाल

चौथो कुरा, उहाँको मृत्यु भइसकेपछि मात्र म कम्युनिस्ट पार्टीको नाम सुनेर २०३५ सालदेखि विद्यार्थी सङ्गठनको राजनीतिमा बामेसर्न थालेको हुँ। २०४० सालमा मात्र मैले नेकपा (मशाल) को सदस्यता लिएको थिएँ। त्यहीवरिपरि मेरो हातमा 'गद्दार पुष्पलाल' शीर्षकको किताब पर्‍यो। २०५५ सालसम्म मैले पनि उहाँलाई नकारात्मक पात्रका रूपमा लिएँ। हामीलाई त्यो किताब पढाउने पुष्पकमल दाहाल र बाबुराम भट्टराईहरूले गद्दारी गरेर गएका छन्। त्यो किताब लेख्ने मोहनविक्रम सिंहले पनि त्यति गतिलो गरेका छैनन्। अन्ततः गद्दार भन्नु गल्ती थियो भन्नचाहिँ सबै बाध्य भए। पुष्पलाललाई गद्दार भन्नुको मूल कारण उनले काङ्ग्रेसलाई पुँजीवादी पार्टी भन्नु र त्यससँग कार्यगत एकता गर्नुपर्छ भन्नु नै रहेछ। विश्लेषणमा केही कमीकमजोरी र सीमा हुन सक्छन् तर त्यत्तिकैमा गद्दारै भन्नु अन्धाहरूको हात्तीछमाइ मात्र थियो। समकालीन नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँजस्तो इमानदार र क्रान्तिकारी नेता अरू कोही रहेनछ भन्ने कुरा आज उहाँका रचनाहरूबाट स्पष्ट हुन्छ।

पाँचौँ कुरा, उहाँ एकजना प्रतिभाशाली लेखक र इतिहासकार पनि हुनुहुन्थ्यो। उहाँले नै वास्तवमा मार्क्सवादी कोणबाट नेपालमा भएको समाज विकासबारे स्पष्ट पार्नुभएको छ। उहाँ एक सरल भाषामा गहिरो अभिव्यक्ति दिने लेखक हुनुहुन्थ्यो भन्ने कुरा सङ्कलित रचनाहरूको अध्ययनबाट स्पष्ट हुन्छ। उहाँ निरन्तर अध्ययन र चिन्तनमा हुनुहुन्थ्यो। कम्युनिस्ट पार्टीको घोषणापत्र पहिलोपटक २००५ मा नेपालीमा उल्था गर्ने उहाँ नै हुनुहुन्थ्यो। नेपालमा कम्युनिस्ट पार्टीको घोषणापत्र, पार्टीको दस्तावेजदेखि पर्चासम्म उहाँले नै लेख्नुभएको थियो।


त्यसकारण क.पुष्पलालको स्मरण गर्दा उहाँलाई नेपाल कम्युनिस्ट पार्टीका संस्थापक, अथक र इमानदार कम्युनिस्ट योद्धा, सबैखाले संशोधनवादका दुस्मन, सबैखाले प्रतिक्रियावाद र साम्राज्यवादका उन्मूलनको लडाइँका कमान्डर, एक प्रतिभाशाली लेखक तथा इतिहासकार भनेर बुझ्नुपर्दछ। आज हामी नेपाल कम्युनिस्ट पार्टीमा काम गर्ने कमरेडहरूले यो आलेखको सिरानमा उद्धृत उद्धरणलाई विशेष ढङ्गले ग्रहण गर्नुपर्दछ।

● संस्मरण

# रणमैदानमा मुटु टुक्रिँदाको क्षण

सीता विक 'सम्झना' महान् जनयुद्धकी एक कुशल कमान्डर हुनुहुन्छ। किशोरावस्थामै स्कुले शिक्षा परित्याग गर्दै घरबाट विद्रोह गरी जनयुद्धमा लामबद्ध बनेकी सम्झना जनमुक्ति सेनाका तीन महिला कमान्डरमध्ये एक हुनुहुन्छ। विपन्न, दलित परिवारबाट उठेकी कमरेड सम्झनासँग पार्टीका सङ्गठन, जवस र मोर्चाका साथै जनमुक्ति सेना, दर्जनौँ लडाइँका मोर्चादेखि 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने कसाईखाना' अर्थात् तत्कालीन अन्तरिम व्यवस्थापिका संसद्सम्मका अनुभव र अनुभूतिहरू छन्। वर्गसङ्घर्षको उत्कर्षस्वरूप जनयुद्ध लड्दालड्दै युद्धमैदानमै जनवादी विवाह गर्नुभएकी सम्झनाले विवाहको आठै महिनामा जीवनसाथी जलनलाई एउटै युद्धमोर्चामा गुमाउनुभयो। यसरी उहाँसँग महिला, दलित, विपन्न, दुर्गम क्षेत्र, सहिद परिवार, स्रष्टादेखि विधायकसम्मका विशिष्टताहरू छन्। यो संस्मरण उहाँले वर्गसङ्घर्षमा आफूसँगै युद्ध लडिरहेका जनमुक्ति सेनाका एक योद्धा कमरेड जलनको बलिदानपछि लेख्नुभएको हो। यस्तै २३ वटा संस्मरण समेटेर उहाँले 'युद्धभित्रका संस्मरण' शीर्षकको संस्मरणसङ्ग्रह नै प्रकाशन गरिसक्नुभएको छ। यतिबेला नेकपा माओवादीकी नेत्रीका साथै दलित राष्ट्रिय मुक्तिमोर्चा नेपालकी उपाध्यक्षसमेत रहनुभएकी सम्झनाको संस्मरण यहाँ प्रस्तुत गरिएको छ- सम्पादक।

वसन्तऋतुको रमझम अनि ढकमक्क फुलेका लालीगुराँसका फूलहरूसँगै लुकामारी खेल्दै अविचल विजयहुरीको काखबाट इतिहासका महान् निर्माता जनसमुदायको सामीप्यमा लुट्पुटिँदै महान् अक्टोबर क्रान्तिको ढोका नेपाली धर्तीबाट पुनः एकपटक खोलेर संसारभरका श्रमजीवी समुदायलाई विश्वमा क्रान्तिको सफलता निश्चित रहेको सन्देश प्रवाहित गर्ने उच्च अभिलाशा हामीमा थियो। पार्टीको रणनीतिक प्रत्याक्रमणको योजनालाई सफलताको दिशातिर डोऱ्याउने उद्देश्यका साथ हाम्रो मङ्गलसेन फर्स्ट ब्रिगेड पनि युद्धमैदानमा जानुभन्दा अघिका सबै प्रक्रिया पूरा गरी 'अन्तिम मार्च' को अत्यन्तै



सीता विक 'सम्झना'

चापिलो समयमा थियो।

जोशिला राता मान्छेहरूको हूलबाट 'सम्झना' भनेको शब्दले मलाई झस्काउँछ। ती मान्छेहरूको भीडबाट मिर्गको चालमा म त्यतातिर नयन दौडाउँछु। बाटोको छेउमा मधुर मुस्कानसहित व्यग्र प्रतीक्षामा उभिएको मेरो प्रिय मान्छे कमरेड जलनलाई देख्छु। उहाँको अघिल्तिर खुसीको मुस्कान छोडेर बिदा हुनै लाग्दा 'सम्झना, मोर्चामा राम्रोसँग लड्नू है' यही शब्द कमरेड जलनको मुखबाट प्रस्फुटित भयो। मैले उहाँलाई 'ल' मात्र भन्न भ्याएँ र मार्चमा अगाडि बढेँ। उक्त दिनको त्यो शब्द नै आज मेरा लागि स्मृतिको अन्तिम शब्द बन्न पुगेको छ। मेरो प्रिय त्यही अमर मान्छेको स्मृतिमा शब्दमार्फत दुस्मनप्रति घृणा व्यक्त गर्दै केही शब्द लेख्न लागिरहेकी छु।

मान्छे जन्मनु र मर्नु यो प्रकृतिको स्वाभाविक नियम नै हो। यो कुरा बुझ्दाबुझ्दै पनि यसलाई पचाउने कुरा निकै चुनौतीपूर्ण रहेछ। क्रान्तिको आवश्यकतालाई पूर्ति गर्न बम र बारुदको बीचमा लुकामारी गर्दै चलिरहेको मेसिनगन रोकिँदा हुने धक्काको स्मरण हुँदोरहेछ आफ्नै जीवनसाथी गुमाउँदा अनि त्यसलाई जीवनमा स्मरण गर्दा।

सूर्य पारि क्षितिजबाट चिहाउँदै ओझेलमा पर्न थालेको थियो। झ्याउँकीरीको चिच्याहटसँगै धर्तीमा झिसमिसे हुँदै अन्धकारले पाइला टेक्दै थियो। हामी बीचबाटोदेखि नै भिडन्त गर्दै क्याम्पमै गएर आक्रमण गर्ने आँटका साथ अगाडि बढिरहेका थियौँ। आर्कमा पुगिसकेपछि ८१ एमएमले गतिलो काम नगर्दा केही समयपछि जीपीएमजीको सपोर्ट (डिफेन्स) फायरसँगै हाम्रा एसल्टहरू विद्युतीय गतिमा स्वचालित हतियारबाट फायर खोल्दै ब्यारेकका तारबारसम्म पुगे।

यो लडाइँको विशेषता अलिकति फरक थियो, दुस्मनका बबी ट्र्याप्स, माइनका तारहरू काट्ने, बङ्करका ट्रेन्चहरू निर्माण गर्ने अनि लडाइँ मोर्चाबद्ध तरिकाले नजित्दासम्म लडिरहने यस्तै प्रशिक्षण भएको थियो। सोहीअनुसार लडाइँ भीषण रूपमा अगाडि बढ्यो। रातको १२-१ बजेको थियो होला, हाम्रो आर्कको बायाँबाट दुस्मनलाई ललकार्दै खबरदारी कासन आइरहेको थियो- 'हतियार बुझाऊ र ज्यान जोगाऊ। तिमीहरूको क्याम्प जनमुक्ति सेनाको घेराबन्दीमा छ। लड्ने प्रयास नगर...।'

त्यो कासनले मेरो कमान्डमा रहेको एसल्टलाई पनि अगाडि बढ्न बल दिइरहेको थियो। त्यो कासनको आवाज त्यही फिल्डमा जीवनउत्सर्ग गर्नुहुने कमरेड जलनको थियो। भौतिक रूपमा उहाँ अहिले हामीदेखि सदाका लागि बिदा भइसक्नुभयो तर ती शब्दहरू आज टिमलाई नेतृत्व गर्ने विचार बनेका छन्।

बम र बारुदको आवाजसँगै आकाश गर्जिरहेको थियो। चिसो सिरेटो र सिमसिम पानी परेको थियो तर मौसमी प्रतिकूलताको कुनै परबाह नगरी लडाइँ निरन्तर चलिरहेको थियो। साथीहरू घाइते र सहिद हुने प्रक्रिया जारी थियो। तर मालेमावादको हतियारले युक्त योद्धाहरू अत्यन्त उत्साहका साथ युद्धमा डटेका थिए।। समय आफ्नै गतिमा थियो। बिहानको ३ बजिसकेको थियो। हाम्रो एसल्ट रहेको ठाउँमा एक्कासि टु इन्च मोर्टारको सेल खस्यो। केही साथीहरू त्यहीँ ढल्न पुग्नुभयो। हामी धेरै घाइते भयौँ। घाइते हामीलाई त्यहाँबाट साथीहरूले

बाँकी पृष्ठ ६ मा

▶▶ पृष्ठ १ बाट क्रमशः ...

# वैज्ञानिक समाजवादको सफलता

(ङ) भियतनामी क्रान्ति
(च) कोरियाली क्रान्ति
(छ) क्युबाली क्रान्ति

**(क) पेरिस कम्युनको विजय**

सन् १८७१ मार्च १८ मा फ्रान्सको पेरिसमा पहिलोपटक सर्वहारावर्गले पुँजीपतिवर्गको सत्तामाथि विजय हासिल गऱ्यो । फ्रान्स युरोपको शक्तिशाली पुँजीवादी राष्ट्रमध्ये एक थियो । औद्योगिक विकासका कारण मजदुरवर्गको सङ्ख्या र समस्या दिनानुदिन बढ्दै थिए । मालिकहरू माल उत्पादन गर्न र बजार कब्जा गर्नमै व्यस्त थिए । युरोपमा पुँजीवादी राष्ट्रहरूबीच तीव्र प्रतिस्पर्धा र अन्तर्विरोधहरू बढ्दै गएका थिए । यसैक्रममा सन् १८७० मा फ्रान्सका सम्राट् नेपोलियन तृतीयले पुँजीवादी आर्थिक प्रतिस्पर्धा र लुटका लागि नै जर्मनीमाथि युद्ध छेड्यो तर जर्मनीको बलियो सैन्यशक्तिमाथि फ्रान्स विजयी हुन सकेन । युद्धमा उल्टो फ्रान्स नै पराजित हुन पुग्यो । युद्धमा पराजय अनि देशभित्रै बढ्दै गएको राजतन्त्र र जनताबीचको सङ्घर्षले विस्फोटक रूप लिन पुग्यो । जनविद्रोहका कारण नेपोलियन तृतीय सत्ताच्यूत भयो । राजतन्त्रको अन्त्यपछि फ्रान्सको सत्तामा गणतन्त्रवादी भनिने थियर पुगे । थियरले पुँजीपतिवर्गको नेतृत्व गर्दथ्यो । पेरिसका मजदुर, किसानहरू थियरको शासनबाट सन्तुष्ट हुन सकेनन् । मजदुरहरूको असन्तुष्टि र सङ्घर्षलाई पकड्दै ब्लाङ्की र बाकुनिनवादीहरूले मजदुरवर्गलाई पुँजीवाद र थियरका विरुद्ध विद्रोह गर्न अपिल गरे । पेरिसमा मजदुर हडतालहरू सङ्गठित गरिए र सङ्घर्ष बढ्दै गएर सन् १८७१ मार्च १८ सम्म पुग्दा सर्वहारावर्गको विद्रोह विस्फोट हुन पुग्यो । मजदुरहरूको सङ्घर्ष सत्ता कब्जा गर्ने विद्रोहमा बदलियो । भीषण सङ्घर्षका बीच पेरिसमा पुँजीवादीहरूको पराजय भयो । पेरिसका मजदुरहरूले पुँजीवादी सत्तालाई पहिलोपटक हराउने अवसरलाई प्रयोग गर्दै विजयी झन्डा फहराए । विद्रोहमा विजय भएपछि मजदुरहरूले 'मार्च २६ मा कम्युन प्रतिनिधिहरूको निर्वाचन गरे र मार्च २८ मा आफ्नै नेतृत्वमा श्रमिकवर्गको सत्ता कम्युन निर्माण गरे', (शशीधर भण्डारी, विश्व कम्युनिस्ट आन्दोलनको इतिहास, खण्ड १, पृ. १५१) । यो सत्ता सन् १८७१ मार्च १८ देखि मई २८ सम्म जम्मा ७२ दिन कायम रह्यो ।

मार्चमा पेरिस कम्युन सङ्गठित गरेपछि सर्वहारावर्गीय सत्ताका तर्फबाट महत्वपूर्ण घोषणाहरू गरिए । कम्युनले सर्वप्रथम मालिकवर्गको प्रभुत्व अन्त्य भएको घोषणा गऱ्यो; मजदुर, किसानहरूलाई ऋणमुक्त गऱ्यो; आफ्नै सुरक्षा मिलिसिया (राष्ट्रिय गार्ड) को निर्माण गऱ्यो; साँचो अन्तर्राष्ट्रवादको नमुना प्रस्तुत गर्दै जर्मनी र पोल्यान्डबाट पेरिसमा श्रम गर्ने मजदुरलाई मन्त्री र सुरक्षाको जिम्मा दियो; महिलालाई सत्तामा सहभागी गरायो, धर्मलाई राज्यबाट अलग राख्यो, विद्यालय र शिक्षालाई धर्म र धार्मिक कानुनबाट अलग गरियो; न्यायपालिकाका न्यायाधीशहरू जनताद्वारा निर्वाचित हुने व्यवस्था गरियो; पहिलोपटक मजदुर र कर्मचारीको तलबलाई समान बनाएको घोषणापत्र जारी भयो । कम्युन वास्तवमै मानवजातिका लागि नयाँ राज्यव्यवस्थाको आरम्भ र अभ्यास थियो । यसको प्रशंसा गर्दै मार्क्सले प्रस्टसँग यसरी भन्नुभयो, 'कम्युन नगर-प्रतिनिधिहरूद्वारा गठन गरिएको थियो, जो पेरिसका विभिन्न निर्वाचन क्षेत्रहरूमा बालिग मताधिकारअन्तर्गत चुनिएका थिए । यी नगरप्रति उत्तरदायी थिए र जुनसुकै बेला पनि उनीहरूलाई प्रत्याह्वान गर्न सकिन्थ्यो । ...प्रहरी जो केन्द्रीय सरकारको हतियारस्वरूप रहेको थियो, आफ्ना सम्पूर्ण राजनीतिक कार्यहरूबाट तुरुन्त नै वञ्चित गरिएको थियो र कम्युनप्रति उत्तरदायी रहने निकायमा परिणत गरिएको थियो जसलाई जुनसुकै बेला पनि बदल्न सकिन्थ्यो । ...प्रशासनका अन्य सबै शाखाहरूका पदाधिकारीहरू पनि यस्तै नै थिए... । कम्युनका सदस्यहरूदेखि लिएर माथिदेखि तलसम्म सम्पूर्ण जनसेवा कार्यका निम्ति त्यत्ति नै तलब तोकिएको थियो जति मजदुरहरूले पाउने गरेका थिए । ठूल्ठूला राजकीय ओहोदाहरूका साथसाथै उनीहरूले पाउने सबै प्रकारका विशेषाधिकार र नगद-भत्ताहरू बिलाएर गएका थिए... । पुरानो सरकार भौतिक शक्तिका मुख्य अस्त्रका रूपमा रहेका स्थायी सेना र प्रहरीलाई हटाइदिएपछि कम्युनले तुरुन्तै दमनको आध्यात्मिक साधन अर्थात् पादरीहरूको पनि शक्ति नामेट पार्न चाहेको थियो... । न्यायप्रणालीका पदाधिकारीहरू पनि आफ्ना प्रतीयमान स्वतन्त्रताबाट मुक्त गरिए... । उनीहरू पनि प्रत्यक्षतः निर्वाचित र उत्तरदायी बनाइए जसलाई जुनसुकै बेला पनि प्रत्याह्वान गर्न सकिन्थ्यो... (मार्क्सको लेखबाट लेनिनले उद्धरण गरेको, राज्य र क्रान्ति, पृ. ४०) । उहाँले स्वर्गमाथिको धावा 'टु स्टूम अन हेभेन' का साथै विश्व ऐतिहासिक महत्वको क्रमभङ्गताको बिन्दु 'अ न्यु पोइन्ट अफ डिपाचर अफ वर्ल्ड हिस्टोरिकल इम्पोर्टेयान्स' भन्दै उच्च मूल्याङ्कन गर्नुभयो । त्यसैगरी लेनिनले पेरिस कम्युनको ऐतिहासिकतामाथि प्रकाश पार्दै भन्नुभयो, 'कम्युन नै सर्वहारा-क्रान्तिद्वारा पुँजीजीवी राजकीय-यन्त्र चकनाचुर पार्ने पहिलो प्रयास हो । साथै त्यो 'अन्ततोगत्वा उद्घाटन गरिएको' यस्तो राजनीतिक रूप हो जसले ध्वस्त पारिएको राजकीय-यन्त्रको ठाउँ लिन सक्दछ र लिनु पनि पर्छ', (लेनिन, राज्य र क्रान्ति, पृ. ५२) । पेरिस कम्युनले विजय हासिल गरेपछि त्यसले जसरी सत्ता सञ्चालन सम्बन्धमा सही दृष्टिकोण निर्माण गर्न र सम्बन्धहरू विकास गर्न सक्नुपर्दथ्यो त्यो हुन सकेन । मुख्यतः सत्ताको सार अधिनायकत्वलाई नै पकड्न सकेन जसको कारणले प्रतिक्रियावादी संसदीय व्यवस्था र त्यसको नेता थियरप्रति कम्युन उदार बन्न पुग्यो । सत्तामा परास्त भएपछि थियर कम्युनार्डको घेरामा थिए । उनले कम्युनार्डहरूको घेरामा परेपछि मजदुरवर्गले राखेका माग सुन्ने र जनतालाई धोका नदिने वाचा गऱ्यो । थियरको कुरामा कम्युन भ्रमित भयो । थियरलाई पेरिसबाट बाहिर जाने सुविधा दिइयो । कम्युनले आर्थिक र सैन्य काममा पनि ध्यान दिन सकेन । बैङ्कहरू राज्यको हातमा लिन सकेन भने सेनालाई सङ्गठित गर्न सकेन । त्यसको फाइदा उठाउँदै राष्ट्रपति थियर पेरिसबाट भागेर जर्मन शासक विस्मार्कसँग मिल्न पुगे । त्यसबेला युद्धमा पराजित फ्रान्सका हजारौं सेनालाई विस्मार्कले जर्मनमा बन्दी बनाएको थिए । सर्वहारावर्गको विजयलाई विस्मार्कले पनि गम्भीर रूपमा लिएका थिए । उनी कम्युनार्डलाई विजयी बनिरहन दिन चाहँदैनथे । धूर्त विस्मार्कले युद्धको क्षतिपूर्तिस्वरूप फ्रान्सले अर्बौं हर्जना तिर्नुपर्ने, जर्मन सेना फ्रान्समा राख्न पाउने सर्तमा थियरलाई सघाउने र कम्युनलाई दबाउन जाने विश्वास दिलाए । थियरले सर्वहारावर्गबाट सत्ता खोस्न विस्मार्कको प्रस्ताव स्वीकार गरे । सम्झौतापछि विस्मार्क र थियरको संयुक्त सेना सन् १८७१ मई महिनामा पेरिस कम्युनमाथि आक्रमण गर्न आइपुग्यो । कम्युनार्डहरूले प्रतिक्रियावादी सेनाविरुद्ध वीरतापूर्वक लडे । प्रतिक्रियावादी थियरले कम्युनलाई आत्मसमर्पणका लागि दिएको आदेशलाई सम्पूर्ण रूपले घृणा गर्दै खारेज गरिदिए । कम्युनार्डहरूले कयौं सातासम्म सेनाको प्रतिरोध गरिरहे । कम्युनार्डहरू युद्धमा रगतले लतपतिएका कपडालाई झन्डा बनाउँदै मोर्चामा डटिरहे तर आधुनिक प्रविधिद्वारा सुसज्जित प्रतिक्रियावादी सेनासँग कम्युनार्डहरूको लडाइँ सफल हुन सकेन । अन्ततः पेरिसको वेलिभेल पाखोमा ३० हजार कम्युनार्डहरूले बलिदान गर्दै पहिलो सर्वहारावर्गको सत्ता गुमाउन पुगे । पराजित हुने समयमा पेरिस कम्युन गठन भएको ७२ दिन पुगेको थियो । पेरिसको मजदुर विद्रोह र विजय मार्क्स जीवित हुँदै उहाँले गरेको सर्वहारावर्गीय समाजवादी सिद्धान्तको पहिलो प्रयोग थियो । यद्यपि यो क्रान्ति मार्क्सको वैज्ञानिक समाजवादी सिद्धान्त र मार्क्सवादीहरूको नेतृत्वमा भएको थिएन । विद्रोहको नेतृत्व अराजकतावादी ब्लाङ्की, बाकुनिन, प्रुँधोवादीहरूको हातमा थियो भने उनीहरूको सिद्धान्त वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माण गर्ने नभई कम्युन (एक प्रकारको समाज) निर्माण गर्ने मात्र थियो ।

पेरिस कम्युनको सफलता र असफलताले मार्क्स-एङ्गेल्ससहित श्रमिकवर्गलाई सत्ता सञ्चालन सम्बन्धमा नयाँ ज्ञान दियो । यसबारे मार्क्स-एङ्गेल्सले नै सबैभन्दा तिखो र वैज्ञानिक संश्लेषण गर्नुभयो । उहाँले पेरिस कम्युन असफल हुनुको विषयमा भन्नुभयो, 'खासगरी कम्युनले के साबित गरिसकेको छ भने मजदुरवर्गले राज्यसत्ताको बनिबनाउ यन्त्रलाई कब्जा गरेर आफ्नो निजी उद्देश्यपूर्तिका लागि जस्ताको तस्तै त्यसको उपयोग गर्न सक्दैन ।' (मार्क्स-एङ्गेल्स, पेरिस कम्युन, २४ जुन १८७२, सन् १८७२ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्रको जर्मन संस्करणको भूमिकाबाट, पृ. ३४४) । मार्क्सको यो संश्लेषण र शिक्षालाई सबै क्रान्तिकारी सर्वहारावर्गले इमानदारी साथ आत्मसात गरे । मार्क्सले कम्युनको कमजोरी मात्र उजागर गर्नुभएन, उहाँले कम्युनको ऐतिहासिकता र महत्वबारे पनि प्रकाश पार्दै भन्नुभयो, 'आफ्नो कम्युनसँगै मजदुरवर्गले पेरिसलाई सबै मजदुरवर्गको अग्रदूतका रूपमा सम्झनेछ । पेरिस कम्युनका सहिदहरू मजदुरवर्गको विशाल हृदयमा रहिरहनेछन् । यसको सत्यानास गर्नेहरूलाई इतिहासले सदाका निमित्त अपराधी उभ्याउने स्थानमा उभ्याउनेछ ।' (मार्क्स, पेरिस कम्युन) । त्यसैगरी कम्युनको महत्वबारे लेनिनले उल्लेख गर्दै लेख्नुभएको छ, 'पुरानो शासनका विरुद्ध विद्रोह गर्ने समय सर्वहारावर्गले दुई कार्यभार : एक, राष्ट्रिय र दोस्रो, वर्गीय ग्रहण गऱ्यो । फ्रान्सलाई जर्मन आक्रमणबाट मुक्ति तथा मजदुरहरूको पुँजीवादबाट समाजवादी मुक्ति । दुई कार्यभारको यो एकीकरण कम्युनको मौलिक गुण हो ।' (लेनिन, सङ्कलित रचना, खण्ड ३, हिन्दी संस्करण, कम्युनको सवक, पृ. ३६९) । लेनिनले मार्क्सले जस्तै कम्युनको कमजोरी र महानताबारे लेख्नुभयो, 'परन्तु दुई गल्तीले सानदार विजयको फल नष्ट गरिदियो । सर्वहारावर्ग आधा बाटोमै रोकियो, 'सम्पत्ति हरणकर्ताहरूको सम्पत्ति हरण' गर्नुको साटो उसले एक समान सर्वराष्ट्रिय कार्यभारद्वारा ऐक्यबद्ध देशमा न्यायपूर्ण प्रणाली स्थापनाको सपनामा आफूलाई मोहित हुन दियो । उदाहरणार्थ, बैङ्ककजस्तो संस्थालाई हस्तान्तरण गरिएन । 'न्यायपूर्ण विनिमय' आदिका बारेमा प्रुँधोवादी सिद्धान्तको अब पनि समाजवादीहरूको बीचमा बोलवाला थियो । दोस्रो गल्ती थियो, सर्वहाराको ठूलो अन्यमनस्कता : आफ्नो दुस्मनलाई नष्ट गर्न जरुरी थियो परन्तु उसले उनीहरूमाथि नैतिक प्रभाव हाल्ने प्रयास गऱ्यो । उसले गृहयुद्धमा प्रत्यक्ष फौजी कारबाहीहरूको महत्वलाई कम गरेर हेऱ्यो । साथै पेरिसमा आफ्नो विजयाभिषेकको साटो बेर्साईमाथि निर्णायक धावा बोल्नुको बदला उसले ढिला गर्दै रह्यो । त्यसैगरी उसले बेर्साई सरकारलाई दुष्ट शक्तिहरू जम्मा गर्न र मईको रक्तरञ्जित सप्ताहका लागि तयारी गर्ने मौका दियो', (लेनिन, सङ्कलित रचना, खण्ड ३, हिन्दी संस्करण, कम्युनको पाठ, पृ. ३७१) । पेरिस कम्युनको सार उल्लेख गर्नुपर्दा सर्वहारावर्गका लागि यस्तो अविस्मरणीय परिघटना हो जसले पुँजीपतिवर्ग र पुँजीवादी सत्तामाथि श्रमिकवर्ग र वैज्ञानिक समाजवाद विजयी हुन सक्छ भन्ने दृष्टान्त अकाट्य रूपले स्थापित गरिदियो । कैयौं कमजोरीका बाबजुद यसको ऐतिहासिक पाठ अतुलनीय छ ।

> वश्वयुद्धमा भएको व्यापक क्षति र अभावका कारण जारको सेनामा पनि असन्तुष्टि बढिरहेको थियो । त्यही मौकामा रूसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) ले स्थायी शान्ति, परिवर्तन र नयाँ जीवनका लागि मजदुर, किसान र सेनाको संयुक्त सरकार 'सोभियत' को नारा प्रस्तुत गऱ्यो । शान्ति, रोटी र जमिनको नारा चारैतिर लाग्यो । परिस्थितिको सही विश्लेषणसहित बोल्सेभिक पार्टीले निरङ्कुश जार र पुँजीपति सत्ताका विरुद्ध क्रान्तिको घोषणा गऱ्यो । लेनिन-स्टालिनको नेतृत्वमा मजदुर, किसान र सेनाको संयुक्त शक्ति क्रान्तिमा सहभागी भयो । सन् १९१७ अक्टोबर १७ बाट पुँजीवादी सत्ताका विरुद्ध सर्वहारावर्गीय विद्रोह विस्फोट भयो । विद्रोह भीषण सङ्घर्षका बीचबाट गुज्रिँदै अक्टोबर २५ मा सफल भयो र रूसबाट पुँजीवादी सत्ता फ्याँकियो । त्यसको स्थानमा वैज्ञानिक समाजवाद स्थापना भयो ।

**(ख) महान् अक्टोबर क्रान्ति**

सन् १९१७ को अक्टोबर १७ देखि २६ सम्म रुसमा वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न भयो जसलाई महान् अक्टोबर क्रान्ति भनिन्छ । यो क्रान्तिलाई जोन रिडले 'विश्व हल्लाउने दस दिन' भनेर उल्लेख गरेका छन् । अक्टोबर क्रान्ति मार्क्सको वैज्ञानिक समाजवादी-साम्यवादी सिद्धान्तअनुसार सर्वहारावर्गका अर्का महान् नेता लेनिनको नेतृत्वमा सम्पन्न भएको थियो । यो क्रान्तिले अपराजित र भगवान्का दूत ठानिएका सम्राट्, पोप र मालिकलाई सिंहासनबाट धुलोमा पछार्दै दुनियाँमा सबैभन्दा हेपिएका र उत्पीडित सर्वहारावर्गलाई सत्ताको मालिक बनाइदिएको थियो ।

रुसमा लामो समयदेखि जार सम्राट् निकोलसको शक्तिशाली शासन थियो । उनीसँग युरोप हल्लाउने शक्तिशाली सेना र विश्वको सबैभन्दा ठूलो भूभाग थियो । जार शासन एक निरङ्कुश राजतन्त्रात्मक शासन भएर पनि सन् १८६१ देखि तीव्र रूपले पुँजीवाद हुर्किँदै गरेको साम्राज्य थियो । रुसमा ठूलो जनसङ्ख्या किसानको थियो तर तीव्र औद्योगिकीकरणले गर्दा मजदुरवर्ग त्यसको नेतृत्वमा विकास भइरहेको थियो । जारको निरङ्कुश शासनविरुद्ध भर्खर विकास हुँदै गरेको पुँजीपतिवर्गले बेलाबखत संसदीय व्यवस्थाका लागि विद्रोह गर्ने गर्दथ्यो । त्यस्तै सर्वहारावर्गले पनि कम्युनिस्ट पार्टीको नेतृत्वमा आमूल परिवर्तनका पक्षमा विद्रोह गर्दै आएको थियो । विद्रोहहरूलाई थेग्न नसकेर जारले बेलाबखत दुमा (संसद्) पनि गठन गर्दथ्यो तर शक्ति आफ्नै हातमा राखिरहन्थ्यो । जनता र राज्यको बीचमा सङ्घर्ष चर्किएपछि सन् १९०५ मा बोल्सेभिक पार्टीको अपिलमा सर्वहारावर्ग (मजदुर, किसान) ले विद्रोह गऱ्यो । परन्तु लेनिनको भाषामा 'पर्याप्त तयारी र शक्तिको अभाव' ले गर्दा त्यो सफल हुन सकेन । परन्तु जारले विद्रोहको दबाबमा परेर राज्य दुमा बोलाउन बाध्य भयो । अर्कोतिर क्रान्तिको असफलताले गर्दा क्रान्तिकारीहरूमाथि ठूलो सङ्कट आयो । प्रतिक्रान्तिकालका कारण लेनिन रुसमा टिक्न नसक्ने भएपछि त्यहाँबाट भूमिगत भएर फिनल्यान्ड भाग्नुपऱ्यो । तथापि सन् १९०५ को क्रान्तिले लेनिनको भाषामा सन् १९१७ को क्रान्तिको जग हालिदिएको थियो ।

सन् १९१४ मा युरोपका साम्राज्यवादी मुलुकहरूबीच बाल्कन भूभाग कसले कब्जा गर्ने भन्ने विषयलाई लिएर मोर्चाबन्दी भयो । एकातिर रुस, फ्रान्स र ब्रिटेन भए; अर्कोतिर जर्मनी, अस्ट्रिया र हँगेरी भए । झगडा बढ्दै गएर सन् १९१४ को जुलाईबाट विश्वयुद्ध सुरु भयो । विश्वयुद्धमा सहभागी मुलुकहरूले निकै ठूलो क्षति बेहोर्नुपऱ्यो । युद्धको मार बेहोर्नेमा रुस पनि थियो र क्षतिबाट रुस सङ्कटमा पर्दै गएको थियो । युद्धमा आर्थिक र सैन्य साधनको अभाव बढ्दै गयो । युद्धमा रुसले अनावश्यक लगानी गरिरहेको र त्यसबाट जनताको आर्थिक अवस्था बिग्रँदै गएको छ । यसलाई रोक्न आवश्यक छ भन्दै रुसभित्र सारा जनताको विरोध हुन थाल्यो । अर्कोतिर राजतन्त्रात्मक निरङ्कुश शासनविरुद्ध रुसी जनता खासगरी मजदुर-किसानहरू राजनीतिक परिवर्तनका पक्षमा अगाडि आउन थाले । विश्वयुद्धमा भएको व्यापक क्षति र अभावका कारण जारको सेनामा पनि असन्तुष्टि बढिरहेको थियो । त्यही मौकामा रुसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) ले स्थायी शान्ति, परिवर्तन र नयाँ जीवनका लागि मजदुर, किसान र सेनाको संयुक्त सरकार 'सोभियत' को नारा प्रस्तुत गऱ्यो । शान्ति, रोटी र जमिनको नारा चारैतिर लाग्यो । परिस्थितिको सही विश्लेषणसहित बोल्सेभिक पार्टीले निरङ्कुश जार र पुँजीपति सत्ताका विरुद्ध क्रान्तिको घोषणा गऱ्यो । लेनिन-स्टालिनको नेतृत्वमा मजदुर, किसान र सेनाको संयुक्त शक्ति क्रान्तिमा सहभागी भयो । सन् १९१७ अक्टोबर १७ बाट पुँजीवादी सत्ताका विरुद्ध सर्वहारावर्गीय विद्रोह विस्फोट भयो । विद्रोह भीषण सङ्घर्षका बीचबाट गुज्रिँदै अक्टोबर २५ मा सफल भयो र रुसबाट पुँजीवादी सत्ता फ्याँकियो । त्यसको स्थानमा वैज्ञानिक समाजवाद स्थापना भयो । १० दिनको विद्रोहमा महान् सर्वहारावर्गीय क्रान्ति सम्पन्न भयो । अक्टोबर क्रान्ति नै यस्तो क्रान्ति थियो जसले विश्वमा पहिलोपटक मार्क्स-एङ्गेल्सको वैज्ञानिक साम्यवादी सिद्धान्त र विचारअनुरूप वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गऱ्यो । त्यसैले अक्टोबर क्रान्ति र रुसमा स्थापना भएको वैज्ञानिक समाजवादलाई राजनीतिक इतिहासमा एक युगान्तकारी परिघटनाका रूपमा स्मरण गरिन्छ ।

वैज्ञानिक समाजवादी सत्ता स्थापना भएपछि अक्टोबर २६-२७ मा लेनिनको नेतृत्वमा जनकमिसारियट परिषद् (मजदुर, किसान, सेना, बुद्धिजीवी मन्त्रिमण्डल) गठन भयो । अध्यक्षमा लेनिन नियुक्त हुनुभयो । संयुक्त सरकारले रक्षा, अर्थ, राष्ट्रियता, शिक्षा मन्त्रालयहरू गठन गऱ्यो । सरकारले मजदुर, किसानहरूलाई सबै ऋणबाट मुक्त गऱ्यो; भूमिसुधार लागू गरियो; विदेशी ऋणहरू खारेज भए; बैङ्क, यातायातजस्ता क्षेत्रहरू राज्यको स्वामित्वमा लिइयो; धर्मलाई राज्यबाट अलग गरियो, कूटनीतिक कार्यहरू अगाडि बढाइयो । राज्यले सबै नागरिकका लागि आधार भूत आवश्यकता (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य) सुनिश्चित गर्ने कदम चाल्यो । क्रान्तिमा विजय हासिल गरेपछि तथा सरकारले जनताको हितमा युद्धस्तरमा कामहरू अगाडि बढाएपछि सर्वहारावर्गीय सत्ताको लोकप्रियता विश्वभर फैलियो । सत्तामा पराजित भएका प्रतिक्रियावादी तत्वहरू र जर्मन साम्राज्यवादका दलालहरूले समाजवादी सत्ताविरुद्ध प्रतिक्रान्तिकारी गतिविधि सिर्जना गरे र सरकारले गृहयुद्धको स्थिति सामना गर्नुपऱ्यो । त्यही क्रममा एकजना कामदार महिला (फेन्या केप्लान) लाई उचालेर सन् १९१८ अगस्ट ३० मा कमरेड लेनिनमाथि गोली प्रहार गरियो । गोलीको चोटको बल्झन र स्वास्थ्य समस्याले गर्दा सन् १९२४ मा विश्व कम्युनिस्ट आन्दोलनका नेता कमरेड लेनिनको निधन भयो । कमरेड लेनिनको निधनपछि उहाँका घनिष्ट कमरेड स्टालिनले महान् समाजवादी देश रुसको नेतृत्व गर्नुभयो । तर कमरेड लेनिनको असामयिक निधनले भर्खर जन्मिएको सर्वहारावर्गीय समाजवादी सत्ता र कम्युनिस्ट पार्टी बोल्सेभिकलाई निकै ठूलो क्षति भयो । त्यस समयमा एकातिर साम्राज्यवादी देशहरूले रुसलाई घेराबन्दी गरेर सताइरहेका थिए भने अर्कोतिर देशभित्रैका प्रतिक्रियावादी तत्वहरू जो भर्खरै मात्र सत्ताच्यूत भएका थिए उनीहरूले उपद्रो मच्चाइरहेका थिए । जब कमरेड स्टालिन सत्ताको नेतृत्वमा पुग्नुभयो तब बाहिरबाट मात्र होइन, पार्टीभित्रैका प्रतिक्रान्तिकारी तत्वहरूले पनि कम्युनिस्ट पार्टी र सोभियत सत्तालाई कब्जा गर्न षड्यन्त्र सुरु गरे । त्यसको नेतृत्व पार्टीभित्रै रहेका चरम गुटवादी एवम् अवसरवादी ट्राट्स्की, बुखारिनका साथै महान् अक्टोबर क्रान्तिको समयमा प्रतिक्रियावादी सत्तालाई विद्रोहको सूचना दिँदै भाग्ने कामेनेव, जिनोनेवहरूले गरेका थिए । उनीहरूले सन् १९२७ तिरबाट अनेकौं पार्टी र सत्ताविरोधी षड्यन्त्र र विध्वंसकारी घटनाहरू घटाउन थाले । हडताल गर्ने, किसानहरूलाई उचाल्ने, कारखानाहरूमा विस्फोट गराउने, तोडफोड गर्न थाले । सन् १९३४ मा पुग्दा प्रतिक्रान्तिकारी हर्कतलाई चरमचुलीमा पुऱ्याउँदै केन्द्रीय समिति सचिवालयका सदस्य क्रान्तिकारी कमरेड किरोबको हत्या गरे । यी सबै कार्य गर्न उचाल्ने र सहयोग पुऱ्याउनेमा जर्मनलगायत पश्चिमा पुँजीवादी तत्वहरू थिए । परन्तु कमरेड स्टालिनको नेतृत्वमा सोभियत सर्वहारावर्गले प्रतिक्रान्तिकारीहरूलाई कडा कारबाही चलाउँदै उनीहरूलाई पार्टीबाट निष्कासन गर्दै प्रतिक्रान्तिका सबै षड्यन्त्रहरूलाई कुशलतापूर्वक परास्त गऱ्यो । पार्टी र सत्ताले बाहिर र भित्रका दुष्टहरूलाई परास्त गरिसकेपछि स्टालिनको नेतृत्वमा समाजवादले आश्चर्यजनक विकास र समृद्धि हासिल गऱ्यो । कमरेड स्टालिनको नेतृत्वमा रुसी सर्वहारावर्गले विश्वक्रान्तिलाई नजिकबाट सहयोग पुऱ्यायो । त्यही क्रममा हिटलर र मुसोलोनीका कारण दोस्रो विश्वयुद्ध विस्फोट भयो । लगभग युरोपलाई खाइसकेको जर्मन साम्राज्यवाद र हिटलरलाई परास्त गर्ने काम पनि कमरेड स्टालिन र रुसी समाजवादले नै गऱ्यो । पूर्वसोभियत सङ्घको सहयोगमा नै पूर्वी युरोपमा समाजवाद स्थापना हुन सक्यो । चीनको नयाँ जनवादी क्रान्ति र कोरियाको क्रान्तिमा पनि वैज्ञानिक समाजवादी सत्ताको ठूलो सहयोग रहेको छ । सन् १९५३ सम्म पूर्वसोभियत सङ्घमा वैज्ञानिक समाजवादी सत्ता सफलतापूर्वक चल्यो । एकातिर अमेरिकी नेतृत्वमा पुँजीवाद र अर्कोतिर पूर्वसोभियत सङ्घको नेतृत्वमा वैज्ञानिक समाजवादी सत्ताका ध्रुव बने । त्यसको नेतृत्व कमरेड स्टालिनले कुशलतापूर्वक गर्नुभयो । अक्टोबर क्रान्तिको महत्वमा प्रकाश पार्दै लेनिनले लेख्नुभयो, 'पहिलो बोल्सेभिक क्रान्तिले धरतीमाथि पहिलो दस करोड मान्छेहरूलाई साम्राज्यवादी युद्धको चङ्गुलबाट, साम्राज्यवादी संसारको चङ्गुलबाट मुक्त गरेको छ । अगाडिको क्रान्तिले शेष मानवजातिलाई यस्तो युद्धको चङ्गुलबाट तथा यस्तो संसारको चङ्गुलबाट मुक्त गर्नेछ', (लेनिन, सङ्कलित रचना, खण्ड १०, हिन्दी संस्करण, अक्टोबर क्रान्तिको चौथो जयन्ती, पृ. २११) । त्यसैगरी माओले उल्लेख गर्नुभयो, 'अक्टोबर क्रान्तिको झन्डा अपराजेय छ तर फासिवादका सबै शक्तिहरूको अन्तिम विनास निश्चित छ ।' (माओ, सङ्कलित रचना, भाग ३, अक्टोबर क्रान्तिको पच्चीसौं वार्षिकोत्सवका उपलक्ष्यमा, पृ. ८२) ।

(क्रमशः अर्को अङ्कमा)

# श्रमचोर शासक र क्रान्तिकारी मजदुर



विनोद थापा

*श्रमिक मजदुर, जनताको शक्तिले ठूलाठूला परिवर्तन ल्याइदियो । निरङ्कुश जहानियाँ राणा शासन, एकदलीय पञ्चायती व्यवस्था, बहुदलीय प्रजातान्त्रिक व्यवस्था र लोकतान्त्रिक शासन व्यवस्था त्यसको पृष्ठभूमिमा नेपाल परिचित छ । यो परिवर्तनको श्रेय सबैभन्दा बढी राजनीति पार्टीहरुले लिने गरेका छन् । जनताले गरेको अमूल्य, त्यागको वीरता र बलिदानको गाथालाई मूल्याङ्कन गर्न नसक्ने संसद्वादीहरु हरिया दाँत देखाई मुस्कुराइरहेका छन्, शोषितपीडित मजदुरलगायत आमजनताहरु गाँस, बास, कपासको चर्को समस्यामा परेका छन् । आर्थिक तथा सामाजिक जीवन बर्बादीतिर धकेलिएको छ । जुन राजनीतिक शक्तिले परिवर्तन र मुक्तिका लागि रगतको मूल्य चुकायो आज त्यही पार्टीका नेताहरु संसदीय राजनीतिक व्यवस्थाका वाहक बन्न पुगेका छन् ।*

१. नेपाली मजदुर आन्दोलनको शृङ्खला हेर्दा आजसम्मको इतिहास पढ्दा, सुन्दा, खोजअनुसन्धान गर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय मजदुरहरूले देखाएको त्याग, समर्पणभावलाई राजनीतिक परिवर्तन, मुक्तिसङ्घर्ष र आन्दोलनहरूमा प्रदर्शन गरेका कीर्तिमानलाई न तत्कालीन सरकारले न्यायोचित सम्बोधन गर्‍यो, न त प्रजातान्त्रिक सरकार तथा सत्ता सञ्चालकहरूले अहिलेका मजदुरहरूका जल्दाबल्दा समस्या हल गर्न सकेका छन् । इतिहासको चालक शक्ति मजदुर वर्गले गरेका विगत र वर्तमानको ऐतिहासिक पहलहरूलाई अभूतपूर्व रूपमा देखाएको निष्ठा, बलिदानीभावलाई अहिलेको श्रमचोर शासकले मूल्याङ्कन गर्न सकेन ।

मजदुरवर्गले आफ्नो सामर्थ्यअनुसार आफूले भोगेको समस्याका बारेमा सचेत रूपमा अवगत गराउँदै सङ्गठनबाट आफ्नो अधिकारको लडाइँ लडिरहेको अहिलेको परिप्रेक्ष्यमा उक्त चाहना पूरा भइसकेको छैन । सबै श्रमिक मजदुरहरू राज्यको असमान व्यवहारबाट दुःखी र अशान्त छन् । अधिकार माग गर्ने निकायमा पुँजीवादको ताल्चा झुन्डिएको छ । दृश्यअदृश्य षड्यन्त्रकारीहरू राज्यको नीतिनियम र कानुनमा आफ्नो एकल प्रभुत्व कायम राख्ने दाउपेचमा छन् । सबैखाले प्रवृत्ति एकआपसमा टकराइरहेको यो अवस्थामा क्रान्तिकारी मजदुर सङ्गठनको थप आवश्यकता महसुस हुन थालेको छ ।

पुँजीवाद अर्थात् संसदीय व्यवस्था किन मजदुर वर्गको हितमा छैन, यसको चर्चा गरौँ । संसारभरि नै सामन्तवादलाई परास्त वा अधीनभित्र राख्दै पुँजीवादको उदय भयो । त्यसपछि पुँजीवादले एकलौटी शासन गरिरहेको छ । अहिलेको समाजमा जबरजस्ती पुँजीवादी व्यवस्था सञ्चालन भैरहेको छ । कुनै बेला क्रान्तिकारी कम्युनिस्टहरूको सङ्घर्षको तुफानले विभिन्न देशहरूमा पुँजीवाद ढल्न पुगेको थियो । समाजवादको लहरसँगै नोकरशाही पुँजीको उत्पादन सम्बन्ध ध्वस्त हुन पुगेको थियो । मजदुर किसान, गरिब जनताको जीवनस्तरमा सुधार आउने कार्य सुरु हुँदै थियो । तर एकाएक कम्युनिस्ट पार्टीभित्र सुधारवाद, संशोधनवादी लाइनका मान्छेहरू देखिन थाले । संस्थापक नेतृत्वका क्रान्तिकारी लाइनका विरुद्ध विश्व कम्युनिस्ट इतिहासमा धेरै ठूला खराबीहरू पैदा भए । यसले पुँजीवादले थप मलजल गर्ने काम भयो । त्यसकारण कतिपय आन्तरिक तथा बाह्य कारणले गर्दा समाजवादी सत्ताहरू ढल्न पुगे क्रान्ति प्रतिक्रान्तिमा बदलियो । कयौँ वर्ष कम्युनिस्ट आन्दोलनले मूर्छना बेहोर्नुपर्‍यो । यिनै कारणले गर्दा सर्वहारा श्रमजीवी मजदुरहरूले आफ्नो अभिभावकीय संस्था-सङ्गठन गुमाउन पुगे । पुँजीवादी शासक वर्गबाट मजदुरको अधिकार खोस्ने काम भयो । अहिले संसारभर नै मजदुर वर्गले न्यायका लागि संसदीय दलाल पुँजीवादका विरुद्ध आफ्नो सङ्घर्ष सोझ्याइरहेका छन् । संशोधनवादी कित्तामा रहेका कथित कम्युनिस्ट पार्टीको उपस्थितिले मजदुरहरूलाई सैद्धान्तिक राजनीतिक दार्शनिक कारणबाट दूरगामी असर परेको छ । यसलाई हामीले स्पष्ट पार्न सक्यौँ भने मौरीको गोलाजस्तो परिश्रमिक मजदुर, सङ्गठनको जगमा टेकेर घरेलु दुस्मनका विरुद्ध धावा बोल्नेछन् । कम्युनिस्ट पार्टीको जस्तो पुँजीवादको आफ्नो छुट्टै दर्शन हुँदैन । पुँजीवादी बाटो दर्शनको दरिद्रताले भरिएको छ । दार्शनिक अस्पष्टताका कारणले गर्दा यिनीहरूले ल्याउने व्यवस्था धार्मिक युगका कंशहरूको राज्यजस्तो अपवित्र हुन्छ । राजनीतिक फोहोरी खेलमा पुँजीवादी शासक अव्यस्त हुन्छन् । अन्याय, हत्या, बलात्कार, लुटखसोट, भ्रष्टाचार शोषणमा आधारित राजनीतिक प्रणालीको विकास भैरहन्छ । उसको निहित उद्देश्य प्राप्त गर्ने एक मात्र स्रोत श्रम, सीप र मानवचेतनाको दुरुपयोग, शक्ति पैसा र वैभव प्राप्त गर्ने साधन हो । काम, क्रोध, मोह, अहङ्कार, हर्ष, शोक, नाफा, नोक्सान, मानसम्मानरूपी अहम्ले पुँजीवादी व्यवस्थालाई गाँजेको छ । प्राकृतिक स्रोतसाधनमाथिको कब्जाको नीति, हतियारको होडबाजी, क्रूरता, अमानवीय दुर्व्यवहारलगायत मानवताविरोधी कार्य पुँजीवादी शासकले थोपरिरहेका छन् । अराजकता, अस्थिरताबाट आफ्नो स्वार्स्थ पूर्ति गर्ने बदलिँदो परिस्थितिलाई काबुमा राख्न घोषित-अघोषित युद्ध निम्त्याउने, त्रासपूर्ण शासन चलाउने भोक, रोग र शोकबाट ग्रसित उत्पीडित राज्य र जनताको सचेत तथा जायज मागहरूलाई निस्तेज बनाउने, जातीय सद्भाव भड्काउने धार्मिक दङ्गा मच्चाउने खालका गैरन्यायिक काम पुँजीवादी शासकहरूले गरिरहेका छन् । यति मात्र होइन, शासक बन्ने होडबाजीमा पुँजीवादले पुँजीवादमाथि नै युद्ध मच्चाइरहेका छन् । यसले के पुष्टि गराउँछ भने पुँजीवादी, संसद्वादी दृष्टिकोण विश्वभरि नै हिंसात्मकतिर उन्मुख छ । साम्राज्यवाद, उत्तरसाम्राज्यवाद र त्यसको पिछलग्गु संसदीय दलाल पुँजीवादको असली चरित्र उदाङ्गो बन्न पुगेको छ । यिनको व्यक्तिगत महत्वाकाङ्क्षा र स्वार्थका खातिर नोकरशाही पुँजीवादका ठाउँमा दलाल पुँजीवादले ठाउँ ओगट्नु, नोकरशाही र दलाल पुँजीवादलाई सन्तुलित राख्न निगम पुँजीको उदय गराउनु यसको विशेषता हो । यो राजनीतिसँग जोडिएको विषय बन्न पुगेको छ ।

अहिलेको यो समाजमा सम्पूर्ण श्रमिक मजदुर हरूले क्रान्तिको माध्यमद्वारा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता खड्केको छ । पुँजीवादी व्यवस्थाको पिँजडाबाट बाहिर निस्कनका लागि नयाँ मार्गचित्र कोर्नु पर्दछ । मजदुरहरूले गरेको अतिरिक्त श्रमको मूल्य आफ्नो नाफाको हिस्सामा राखेर संसारकै धनी बन्ने सपना बोकेको पुँजीपन्थी स्वदेशमै उद्योग कारखाना खोलेर दलालीकरण गर्ने श्रमचोर मालिकहरू, स्वरोजगारी राष्ट्रिय उद्यमी र उद्योगीहरूबीच घमासान टकराव ल्याउन संसदीय दलाल पुँजीवादी व्यवस्थाका समर्थक कम्मर कसेर लागेका छन् । यिनीहरूले आफ्नो सङ्कट आफैँ निम्त्याइरहेका छन् ।

यी सामाजिक अन्तरविरोध र समस्याहरूको समाधानको उपाय विश्व कम्युनिस्ट मानचित्रले विचारमा, सिद्धान्तमा, राजनीतिमा, दर्शनमा नयाँ आयाम थपी मानव मुक्तिको दृष्टिकोण अगाडि सारेको छ । विचारमा पुरातन विचार, चिन्तन र प्रवृत्तिको ठाउँमा नयाँ सुस्पष्ट विचार अगाडि सारेको छ । सिद्धान्तमा मार्क्सवाद, लेनिनवाद, माओवादको सैद्धान्तिक मूल्य र मान्यतानलाई आत्मासाथ गर्ने अझ विकास गर्दै जाने कुरा निर्क्योल गरेको छ । दर्शनमा आध्या । समाज परिवर्तन सम्भव छ । पुरानोको ध्वंस नयाँको निर्माण बल प्रयोगको सिद्धान्तमा आधारित हुन्छ । अधिकार माग्ने कुरा होइन । सङ्घर्षबाट प्राप्त गर्न सकिने विषय हो भन्ने खोज, अनुसन्धान र व्यावहारिक पुष्टि कम्युनिस्टहरूले गरिदिएका छन् ।

समाजमा विभिन्न वर्गहरू हुन्छन् । ढुङ्गाका मूर्ति पूजा गर्ने आदर्शवादी, मानवद्वारा मानवलाई शोषण गर्ने प्रचलनको अन्त्य गर्ने भौतिकवादी जो कम्युनिस्टहरू हुन् र जसले १६ औँ शताब्दीदेखि नै पुँजीवादका विरुद्ध अविच्छिन्न रूपमा जनवाद, समाजवाद र साम्यवादको लक्ष्य उद्देश्य प्राप्त गर्न लडिरहेका छन् । प्राकृतिक समाज र राज्यलाई अदृश्य शक्ति अर्थात् ईश्वरीय देनको उपज मान्नेहरूलाई वैज्ञानिक आधार प्रस्तुत गरिदिएका छन् । पुँजीवादी व्यवस्थाबाट हुने सबैखाले विभेदको अन्त्यका लागि भीषण वैचारिक, राजनीतिक, सैद्धान्तिक, भौतिक हमलालाई निस्तेज पार्नका लागि कम्युनिस्टहरूले विचारमा क्रान्ति, दर्शन, सिद्धान्त र व्यवहारमा क्रान्ति ल्याई दिएको छ । महत्वपूर्ण ज्ञान र विज्ञानलाई उचित तालमेल नगरी मजदुरहरू अगाडि बढे आफ्नो लक्ष्य उद्देश्य प्राप्त गर्न कठिन हुन्छ । समाजमा वर्गविभेद अन्त्य गर्न वर्गीय सचेतना अभिवृद्धि आवश्यक छ । मुख्यगरी श्रम शोषणको जालो फिँजाउने शोषणमा आधारित संसद्वाद, पुँजीवाद, सुधारवाद, यथास्थितिवाद र संशोधनवादको कित्तामा सञ्चालित राजनीतिक दल, प्रणाली र संरचनाले द्वन्द्वात्मक भौतिकवादी चेतनाका विरुद्ध आदर्शवादी, मनोगत, विचार प्रवाह गरिरहेका छन् ।

नेपालमा अहिलेको राजनीतिक घटनाक्रमले थप अन्योल थपिदिएको छ । ऐतिहासिक घटना-परिघटनाको समीक्षा गर्ने हो भने नेपालको राजनीतिले कस्तो मोड लियो भन्ने विषयको विवेचना गर्नु जरुरी छ । श्रमिक मजदुर, जनताको शक्तिले ठूलाठूला परिवर्तन ल्याइदियो । निरङ्कुश जहानियाँ राणा शासन, एकदलीय पञ्चायती व्यवस्था, बहुदलीय प्रजातान्त्रिक व्यवस्था र लोकतान्त्रिक शासन व्यवस्था त्यसको पृष्ठभूमिमा नेपाल परिचित छ । यो परिवर्तनको श्रेय सबैभन्दा बढी राजनीति पार्टीहरूले लिने गरेका छन् । जनताले गरेको अमूल्य, त्यागको वीरता र बलिदानको गाथालाई मूल्याङ्कन गर्न नसक्ने संसद्वादीहरू हरिया दाँत देखाई मुस्कुराइरहेका छन्, शोषितपीडित मजदुरलगायत आमजनताहरू गाँस, बास, कपासको चर्को समस्यामा परेका छन् । आर्थिक तथा सामाजिक जीवन बर्बादीतिर धकेलिएको छ । जुन राजनीतिक शक्तिले परिवर्तन र मुक्तिका लागि रगतको मूल्य चुकायो आज त्यही पार्टीका नेताहरू संसदीय राजनीतिक व्यवस्थाका वाहक बन्न पुगेका छन् । लाग्छ यही व्यवस्थाका लागि यिनले त्याग गरे । कमिसन, भ्रष्टाचार, घुस खाएर अकुत कमाएका सम्पत्तिको रक्षा र बचाउ गर्नेले मौका पाउनेबित्तिकै वर्गीय पक्षधरताको वकालत गरिरहेका छन् । पुँजीवादी उपरिसंरचनाले शोषणका नौरङ्गी रूप प्रस्तुत अहिले पनि छ । मुलुकमा वाम गठबन्धनकारी नाम गरेको घोर दक्षिणपन्थीहरूको पार्टीएकता र एकताका आधारमा सरकार गठन भएको छ । उनीहरू आफैँले इतिहासकै सर्वाधिक महत्व राख्ने ओली सरकार भएको अभिव्यक्ति दिइरहेका छन् । यो सरकारको नीति, कार्यक्रम, बजेट हेर्दा के देशमा समृद्धि आउला ? शान्ति छाउला ? हाम्रासामु प्रश्नचिह्नका रूपमा खडा भएको छ । केपी र पीकेको पार्टी एकता कम्युनिस्टहरूको एकता नभई विदेशी एजेन्टहरूको मेलमिलापजस्तो लाग्छ । सङ्घीयताको मोडेल प्रस्तुत गरेका संसद्वादीहरूले प्रदेशभित्र रहेका मजदुर किसानहरूलाई उपेक्षा गरेका छन् । अझ यो सरकारको ब्युरोक्र्याट्स अर्थमन्त्री खतिवडाको बजेट भाषण वाचन सुन्दा विज्ञहरू के भन्छन् भने इतिहासकै सबैभन्दा शक्तिशाली सरकारको निराशाजनक बजेटले महत्वाकाङ्क्षी सपना बोकेको तर्क गर्छन् । १३ खर्ब १५ अर्ब १६ करोड १७ लाखको बजेटले ककसलाई सम्बोधन गर्‍यो त ? यस विषयमा चर्चा गरौँ । महिला, युवा, उद्योगी, गर्भवती, सुत्केरी, बालबालिका, कर्मचारी, दलित, किसान, सांसद र कैदीको हितमा बजेट बोलेको छ भने पनि त्यसको वैज्ञानिक आधार छैन । यो बजेटले मजदुरको ' म' सम्म पनि उच्चारण गरेन । अर्थमन्त्रीको बजेट भाषण बाहुनको पण्डित्याइँ प्रवचनजस्तो रह्यो । यो बजेटले गरिबको थाप्लोमा ऋण बोकाउने निश्चित छ । श्रमिक मजदुरको चुलो निभ्ने खतरा उत्तिकै छ । बजेटका कारण पेट्रोलियम पदार्थ, दैनिक उपभोग्य सामानमा मूल्यवृद्धि भएको छ । आकासिँदो मूल्य वृद्धिको सामना गरिब मजदुरहरूले गर्न बाध्य हुनुपरेको छ । यसका लागि हामीले के गर्नुपर्ला, कसरी यो नालायक व्यवस्थाको अन्त्य गर्न सकिन्छ ? त्यतातिर गम्भीर हुन आवश्यक छ । श्रमिक जनताको हितमा जारी हुने ऐनकानुनले कार्यान्वयन हुने मौका नपाउँदै सस्तो लोकप्रियताका लागि प्रत्येक सरकारको श्रमसम्बन्धी निकायमा रहेका कामका ठेकेदारहरूले फरमान जारी गर्ने गरेका छन् । त्यसको पछिल्लो उदाहरण गठबन्धनकारी सरकारको श्रममन्त्री गोकर्ण बिष्टले गरेका श्रमसम्बन्धी मुद्दालाई ध्यान दिन जरुरी छ । हाल श्रम नियमावली मन्त्रिपरिषद्बाट पारित गरिएको छ । भाषा र लेखन शैलीगत भए पनि व्यावहारिक कार्यान्वयनको जटिलता यो नियमावलीभित्र छ । जस्तै अबउप्रान्त सरकारी अभिलेखमा नराखी भारतीय कामदारलाई काममा लगाउन नपाइने भारतीय श्रमिकका लागि अनिवार्य श्रमविभागमा दर्ता गर्ने व्यवस्था गरेको छ तर यो कार्यान्वयन हुन फलामको चिउरा साबित हुनेछ ।

२. कुनै पनि विदेशी श्रमिक मजदुरहरूलाई श्रम स्वीकृति नलिई अभिलेखमा नराखी काममा लगाउन नपाइने उल्लेख छ । स्वीकृति लिनुपर्ने निकायले श्रम इजाजत लिएर काम लगाउला त यसमा आशङ्का गर्न सकिने ठाउँ छ ।

३. सन् १९५० को सन्धिले भारतीय कामदार हरूलाई नेपालमा काम गर्न कूटनीतिक उन्मुक्ति दिएको छ तर असमान सन्धिसम्झौता खारेज गर्ने साहस यो सरकारको छ त ? प्रश्नचिह्न खडा भएको छ ।

४. श्रमिकको पारिश्रमिक बैङ्क तथा वित्तीय संस्थामार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको भनिएको छ । श्रम मन्त्रालयले अर्थ मन्त्रालयको सहमति खोज्न पत्राचार गरेको कुरा उल्लेख छ । अनिवार्य बैङ्कबाट पारिश्रमिक व्यवस्थाको किटान गरे पनि अर्बौं बैङ्कबाट ऋण लिई कालोसूचीमा परेका उद्योगी-व्यवसायीहरू र मजदुरहरूको समयमै तलब भुक्तानी नगर्ने दलाल चरित्रका व्यापारीहरूले अक्षरशः यो नियमको पालना गर्लान्, संशय पैदा गराएको छ ।

५. श्रम आपूर्तिकर्ता कम्पनीले ६ महिनाभित्र अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको छ । हाल नेपालमा तीन हजार १ सयवटा संस्थाले श्रमिक आपूर्ति गरिरहेका छन् । यी संस्थाहरूले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा श्रमिक आपूर्ति गर्ने प्रतिव्यक्तिबाट अधिक कमिसन तथा मुनाफा लिने र यसले रोजगारदाता प्रथम पक्ष श्रमिक मजदुर द्वितीय पक्षका बीचमा दलालका रूपमा काम गरिरहेको छ । त्यसैले बीचौलियाको भूमिका निर्वाह गर्ने संस्थाले न मजदुरलाई अपनत्व दिएका छन्, न त सेवासुविधामा चासो राख्दछन्, न कानुनी अधिकारको ग्यारेन्टी गरेको छ, न त नियुक्तिपत्रको व्यवस्था नै गरेको छ । बेलगाम श्रम ऐन कानुनविपरीत कार्य गर्ने संस्थाले श्रम आपूर्ति गर्ने अनुमति पाउँदा श्रमिक मजदुरलाई कुन पक्षले श्रम ऐन नियमावली कार्यान्वयन गराउँछ ? यो विषय पूरै स्पष्ट छ । यो नियमावलीले दलाल पुँजीवादलाई नै प्रश्रय दिन्छ । राष्ट्रिय उद्योगीहरूलाई चौपट बनाउने निश्चित छ ।

६. व्यवसायीजन्य सुरक्षाको जिम्मा रोजगारदातालाई भनिएको छ । मजदुरहरूको काम गर्ने कार्यस्थलमा हुने सम्भावित दुर्घटना, मेसिनरी सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरू रासायनिक पदार्थ प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी स्वास्थ्यसम्बन्धी सुनिश्चितता गर्ने आधारका विषयमा नियमावली प्रस्टाएको छ । तर अहिलेको यो व्यवस्थामा जोखिमयुक्त श्रमक्षेत्रलाई सुरक्षाको ग्यारेन्टी न राज्यबाट भएको छ, न त व्यवसायीहरूबाट नै यसको सुरुआत गरिएको छ । एकाध व्यवसायीबाहेक अधिकांश उद्योग कलकारखानामा व्यावसायिक सुरक्षा भन्ने विषय नारामा मात्र सीमित रहेको छ ।

७. रोजगारदाताले श्रमिकहरूलाई चोटपटक लाग्ने तथा स्वास्थ्यमा हानि पुग्ने गरी भारी बोक्ने काम लगाउन नपाइने प्रतिष्ठानले उपकरणको व्यवस्था गर्नुपर्ने पुरुष कामदारका लागि ५५ के.जी. महिला कामदारले ४५ के.जी. अधिकतम भार निर्धारण गरिएको छ । घरेलु कामदारलाई पनि वर्षमा १२ दिन त पारिश्रमिकसहितको वार्षिक बिदा साताको १ दिन त साप्ताहिक बिदा, बढी काम लगाएबापत थप पारिश्रमिक दिनुपर्ने व्यवस्था गरेको छ । श्रमिकको मन्जुरीबिना खाइपाई आएको तलबसुविधा घटाउन पाउनेछैन । गरिरहेको कामबाहेक न्यून स्तरको काममा लगाउन पाउनेछैन । त्यस्ता कार्य गरेमा दण्डनीय अपराध ठहरिनेछ भनिएको छ । विदेशी लगानी रहेको प्रतिष्ठानमा बढीमा तीनजना विदेशी नागरिकलाई मात्र काममा लगाउन पाउने नीति रहेको उल्लेख छ । रोजगारदाताले आफ्नो प्रतिष्ठानमा आवश्यक श्रमिकको पाँच प्रतिशतभन्दा बढी विदेशी कामदार राख्न नपाइने व्यवस्था गरिएको छ । यी सबै विषय अहिलेको विद्यमान व्यवस्थाबाट सहजै कार्यान्वयन हुन सक्ला त भन्ने विषय गम्भीर छ ।

८. शिशु भएकी महिलाले थप विश्रामको समय सामाजिक सुरक्षा अनिवार्य गरिएको छ । रोजगारदाताले तीन वर्ष उमेर नाघेको शिशु भएमा महिला श्रमिकलाई विश्रामको थप समय दिनुपर्ने प्रत्येक प्रतिष्ठानले काम गर्ने श्रमिक मजदुरहरूलाई सामाजिक सुरक्षा अनिवार्य गरेको छ । त्यसका लागि प्रतिष्ठानमै कल्याणकारी कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ । तीबाहेक कार्यस्थलमा स्वस्थ पिउने पानीको व्यवस्था, स्नानगृह तथा आधुनिक शौचालयको व्यवस्था, प्रतिष्ठानमा धूमपान निषेधित क्षेत्र घोषणा, पचासभन्दा बढी महिला श्रमिक कामदार भएको ठाउँमा शिशु स्याहार केन्द्र, कार्यालय परिसरभित्र प्राथमिक उपचारको व्यवस्था कार्यस्थलमा दुर्घटना भई चोटपटक लागेमा उपचारखर्च, उपचार अवधिभरको पारिश्रमिकको व्यवस्था, व्यवसायजन्य रोग लागेमा उपचार खर्च र क्षतिपूर्तिको व्यवस्था श्रम नियमावलीले स्पष्ट उल्लेख गरेका छन् । तर यी सबै श्रमको मूल्यमान्यताहरूलाई पालना गर्नेगराउने दिशामा अहिलेको राज्यव्यवस्था सक्षम छ कि बाधक छ, यो विषय महत्वपूर्ण हुन आउँछ । नीति, कार्यक्रम तर राज्यसंयन्त्र परम्परावादी भएपछि यो नियमावलीले मजदुरहरूको आँखोमा छारो हाल्ने सस्तो लोकप्रियता कमाउने उद्देश्यबाट प्रेरित छ किनभने नेपालमा श्रमिकसम्बन्धी कानुन धेरै आए-गए तर तर मजदुरको दैनिक जीवनमा के परिवर्तन आयो, यसको उदाहरण सरकारले प्रस्तुत गर्न सक्नुपर्दछ । हचुवाको कुरा गर्नुको कुनै पनि अर्थ छैन । संसदीय व्यवस्थाले कस्तो हितमा काम गरेको हुन्छ, यो विषय दिनको घामजस्तै छर्लङ्ग छ । वर्गीय अधिनायकत्व त्यागेका कम्युनिस्ट खोल ओढेकाहरूले भ्रूटको खेती गर्नेबाहेक अरू केही गरेको हामी पाउँदैनौँ । बेरोजगारी समस्या हल गर्न विदेशी पलायन रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने सरकारको स्पष्ट दृष्टिकोण चाहिन्छ । उद्योग कलकारखाना विकास गर्न नसकेको व्यवस्थापनसम्बन्धी ऐन र अहिलेको श्रम नियमावली २०७५।०७६ एकआपसमा पूरक नभई पूरै श्रमिक मजदुर वर्गलाई दिग्भ्रमित पार्ने निमुखा वर्ग, समुदायलाई अकर्मण्यकारी बनाउन खोज्दैछ । पछिल्लोपटक यिनीहरूको चलाखीलाई नजरअन्दाज गर्ने हो भने सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले पृथ्वी गोलो छ भन्दा उनीहरू चेप्टो छ भनी तर्क गर्छन् । अन्नतः तथ्यहीन तर्क र व्याख्या गर्न सिपालु सामाजिक दलाल पुँजीवादको विशेषता हो । भ्रूठको भरमा श्रम चोर शोषणको भूमिका निर्वाह गरिरहेको संसद्वादी रमितेहरूबाट मजदुर मुक्तिको सम्भावना टरेको छ । श्रमिक मजदुर वर्गलाई उत्पीडन अन्यायअत्याचारको भुमरीमा पिसिइरहने तत्व नै हाबी भइरहेको यो अवस्थामा वैज्ञानिक समाजवादी व्यवस्थाका पक्षधर र अनुयायीहरूले ढिलो नगरी ने.क.पा. अगाडि सरेको एकीकृत जनक्रान्तिमा अग्रसरता देखाऔँ । सबैखाले समस्या विकल्प र विशेषगरी मजदुर सङ्गठनको माध्यमबाट क्रान्तिकारी मजदुर आन्दोलनमाथि उठाउन, अधिकारको ग्यारेन्टी गर्न सकिन्छ ।

# डी. कौडिन्यको हत्या र झापामा एकीकृत जनक्रान्ति


सुमनसिंह पौडेल

झापा सुदूरपूर्वमा अवस्थित नेपालका राजनीतिक घटनाहरूमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको जिल्ला हो । राणाविरुद्ध होस् वा पञ्चायतविरुद्ध, वा राजामहाराजाविरुद्ध गरिएका सबै आन्दोलन र सङ्घर्षहरूमा यो जिल्लाका बासिन्दाले अभूतपूर्व बलिदानी गरेका छन् ।

झापाले थुप्रै व्यक्तिलाई नेता बनाइदिएको छ । खास गरेर २०२८ सालको झापा विद्रोह र उक्त विद्रोहले पैदा गरेको आमजागरणले केपी ओलीलगायत अन्य धेरैलाई नेता बनाइदिएको हो । आजको दिनमा केपी ओलीहरू जनतालाई हरतरहले लुट्ने, ठग्ने कम्पनी चलाइहेका छन् । संसदीय व्यवस्था नामको उनीहरूको लुटेरा कम्पनी जनता र राष्ट्रलाई लुट्न मरिमेटेर लागिरहेको छ। तसर्थ झापा र झापालीहरूको रगत र बलिदानीको धज्जी उडाएर तस्करी साम्राज्य खडा गरेको केपी ओलीहरूको साम्राज्य तासको घरजस्तै ढलिरहेको देखिन्छ ।

झापाली जनता सचेत छन् । सचेत कुन अर्थमा छन् भने समाजमा व्याप्त उत्पीडन र अनेकौँ सामाजिक समस्याहरूले उकुसमुकुस बनेका जनता आन्दोलनका आँधीमय दिनहरूमा जुरुक्क उठ्न हिच्किचाउँदैनन् । ०२८ सालताका झापाका जमिनदारहरूले यहाँका किसानहरूमाथि शोषण गर्दा होस् वा १० वर्षे जनयुद्धको समयमा झापाका पुँजीपति सामन्तहरूले झापाली गरिबहरूको रगत पिउँदा होस् वा अहिले झापामा सल्बलाएका केपी ओलीको तस्करी साम्राज्यमा दलाल, तस्कर, भ्रष्टाचारी, कमिसनखोर, माफिया र भारतीय (वेस्ट बङ्गाल) कर्पोरेटले झापाली समुदायमा थोपरेको चरम सङ्कट झापाली जनताले कहित्यै सहन सकेका छैनन् । टाउको काट्न, बन्दुक उठाउन नहिच्किचाएका झापाली जनता यस अर्थमा सचेत छन् । यतिबेला चौतर्फी अनेकौँ कृत्रिम सङ्कटको परिस्थितिले आजित भइरहँदा अहिले झापाली जनता एकीकृत जनक्रान्तिको आँधीमय यात्रामा जुरुक्क उठ्न तयार भएका छन् ।

सचेतपूर्ण पहलकदमी लिन र सिङ्गो देशलाई क्रान्ति र आन्दोलनको बाटो देखाउन सक्षम झापाली जनताका बीचबाट महान् सपूतहरूले आफ्नो जीवन बलिदान गरेका छन् । नेपाली जनताले शासकहरूको अन्यायअत्याचारका विरुद्ध गरेका तमाम सङ्घर्षहरूमा झापाले अग्रपङ्क्तिमा बलिदानको कोटा चुकाउँदै आएको छ । दुई सय पचास वर्ष निरन्तर चलेको शाही शासन ढाल्ने सामर्थ्य राख्ने महान् जनयुद्धको समयमा झापाले होनहार प्रिय मान्छेहरूलाई गुमायो । झापाली जनताको दुखेको मन र छियाछिया भएको जीवनलाई शीतलता दिनसक्ने विशिष्ट प्रतिभाहरूलाई झापाले गुमायो । सुन्दर र समृद्ध सपनाहरूको चौडा सडकमा यात्रा गराउन सक्ने स्मरणीय पात्रहरूलाई हामीले गुमायौँ ।

झापाले होनाहार योद्धाहरू, जनताका प्रिय नेताहरू गुमायो । यस्तैमा देवकुमार आचार्य 'डी कौडिन्य' लाई पनि गुमाउन पुग्यो । आजकै दिन अर्थात् २०५९ साउन ७ गते झापाका एक विशिष्ट प्रतिभालाई तत्कालीन सत्ताले गिरफ्तार गरी क्रूरतापूर्वक हत्या गऱ्यो । शोषण, दमन, उत्पीडन विद्यमान रहेको यो परिस्थितिमा सुख, शान्ति र समृद्धिको सपना देख्नेहरूको वैज्ञानिक समाजवाद-साम्यवाद प्राप्तिको सपनालाई जीवन्त बनाउनुपर्ने र जुनसुकै मूल्य चुकाएर भए पनि त्यसलाई पूर्ण सफलता पार्नका लागि हामी र हाम्रोबीचमा दायित्व बनेर आइरहँदा झापाका आदरणीय नेता डी कौडिन्यलाई स्मरण गर्नु आवश्यक छ ।

**बाल्यकाल**

क. डी कौडिन्यको जन्म वि.सं. २०१९ असोज १० गते बुधबार सिक्किमको पेलिङमा भएको थियो । उहाँका सात दाजुभाइ र तीनजना दिदी बहिनी छन् । उहाँको वास्तविक नाम देवकुमार आचार्य हो । देवकुमारलाई अङ्ग्रेजीमा छोटो रूप दिएर डी र आचार्य थरको गोत्र कौडिन्यलाई कौडिन्य भनेर आफ्नो नाम डी कौडिन्य बनाउनुभएको थियो र उहाँ यही नामबाट प्रख्यात हुनुहुन्छ । ४ वर्षको उमेरमै आमाको निधन भएपछि टुहुरो बन्नुभएका डी कौडिन्यको बाल्यकाल निकै कष्टपूर्ण रहेको थियो । अर्काको गोठालो, खेतालो, गर्दै आफ्नो बालश्रम बेचेर पेट पाल्नुपर्ने बाध्यता उहाँको थियो । परिवारको आर्थिक स्थिति विपन्न भएकाले उहाँले दुःख गरेर अध्ययन गरेको पाइन्छ ।

उहाँले आमा नभएको घरमा जाँतो पिस्ने, ढिकी कुट्नेलगायत घरायसी काममा सानैदेखि सहभागी हुनुपरेको थियो । घरका सबै काम सकेर अध्ययनका लागि जानुपर्ने बाध्यता थियो । यद्यपि निकै उत्साह, अभिरुचिसहित आफ्नो अध्ययन अगाडि बढाउनुभयो । उहाँ अध्ययनमा सधैँ उत्कृष्ट रहनुभयो । सानैदेखि एकान्तप्रेमी क. डी कौडिन्य आफ्ना बालदौँतरीहरूसँग खेल्नेभन्दा नजिकैका बनपाखाहरूमा एक्लै घुम्ने र रमाउने गर्नुहुन्थ्यो । आमाको निधनपछि सम्पूर्ण परिवारको रेखदेख गरिरहेका बुबा चन्द्रबहादुर आचार्यको २०५५ सालमा निधन भएको थियो । बुबा क्रियाशील र जागरुक भएका कारण त्यसको प्रभाव डी कौडिन्यमा पनि परेको थियो ।

डी कौडिन्यको अक्षरारम्भ भारतको सिक्किमबाटै भएको थियो । २०२६ सालबाट जनता निमावि हाल उच्च मावि (झापा खुदुनाबारी) मा उहाँको औपचारिक अध्ययन सुरु भएको थियो । अर्काको घरमा बसेर अध्ययन गर्नुपर्ने परिस्थितिका कारण उहाँले शारीरिक श्रमका साथै ट्युसन पढाएर पढाइखर्च जुटाएको पाइन्छ। २०३६ सालमा धुलाबारी परीक्षा केन्द्रबाट उहाँले एसएलसी उत्तीर्ण गर्नुभयो । उहाँ कक्षामा सधैँ प्रथम हुनुहुन्थ्यो । यसरी अध्ययन गर्दै अगाडि बढ्नुभएका डी कौडिन्य महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम, हात्तीसार क्याम्पस धरान, मेची बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरलगायत क्याम्पसहरूमा अध्ययन गर्नुभयो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट भाषाविज्ञानमा स्नातकोत्तर तहसम्म अध्ययन गर्नुभएको छ । उहाँ महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा अध्ययन गर्दा त्यही समयमा राजकाज मुद्दामा १८ महिना जेलजीवन बिताउनुपरेको थियो । हात्तीसार क्याम्पस धरानमा अध्ययन गर्दा आर्थिक अभावका कारण विज्ञान विषयको अध्ययन छोड्नुपरेको थियो । आर्थिक कठिनाइ झेल्न र अध्ययनलाई सहज बनाउन उहाँले पत्रपत्रिका बेच्ने काम पनि गर्नुभएको थियो ।



२०४७ साल फागुन १८ गते कन्काई माई झापामा क. डी कौडिन्यको यमुनादेवी खरेलसँग जनवादी विवाह सम्पन्न भएको थियो । त्यतिबेला दुवैजनाको उमेर २८ र २७ वर्षको थियो । ०४६ सालअगाडि दुवैजना तत्कालीन नेकपा मालेको पूर्णकालीन भूमिगत कार्यकर्ता हुनुहुन्थ्यो । उहाँहरूको दाम्पत्य जीवन सुखद थियो तर सुखद दाम्पत्य जीवन १२ वर्षसम्म मात्र रह्यो । एकअर्काप्रति पूर्ण विश्वास, आपसी प्रेमसहित आफ्नो दाम्पत्य जीवन रहेको क. यमुना खरेलको अनुभव छ । क. यमुना यतिबेला नेत्रविक्रम चन्द 'विप्लव' ले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टीको शिक्षक सङ्गठनमा आबद्ध हुनुहुन्छ । उहाँहरूका दुई जुम्ल्याहा छोरी तृष्णा र तृप्ति र एक छोरा देवराज छन् । तृष्णा बहुप्रतिभाशाली छिन् । उनले स्नातकोत्तरसम्मको अध्ययन गरेकी छिन् । उनी त्रिभुवन विश्वविद्यालयकी गोल्ड मेडलिस्ट विद्यार्थी पनि हुन् । तृप्ति पूर्वजनमुक्ति सेना हुन् । अहिले नेपाल कम्युनिस्ट पार्टीमा आबद्ध छिन् । छोरा देवराज पनि अध्ययनमा तीक्ष्ण भएकै कारण अहिले अध्ययनका लागि अमेरिकामा छन् ।

राजनीतिक, साहित्य र पत्रकारिता

सहिद !
सुन्दर फूलको नाम हो
जसलाई हाँगाबाट झारे पनि
निर्भय मुस्कुराउँछ चुमेर धर्तीको माटो

सहिद !
आस्थाको अग्लो हिमाल हो
जसलाई निर्लज्ज कुल्चे पनि
निस्फिक्री सहन सक्छ जीवनको बाटो !

सहिद !
मेरो पथप्रदर्शक भएर आएको छ
वर्तमानले चिले पनि
उसको समर्पणले ज्यूँदो पाएको छु
खुला आकाश र धर्ती फाँट पाएको छु ।
(डी कौडिन्य २०४७)

देवकुमार आचार्य (डी कौडिन्य) एक कुशल पत्रकार र साहित्यकार हुनुहुन्थ्यो । उहाँले जनादेश र जनदिशामा संवाददाताका रूपमा काम गर्नुभएको थियो । दृष्टि, छलफल, प्रकाश, जनआह्वान, जनआवाज, महिमा, ज्वालालगायत पत्रिकाहरूमा पनि उत्तिकै कलम चलाएको पाइन्छ । झापाबाट प्रकाशित स्वाधीन संवाद साप्ताहिकमा उहाँको स्तम्भ नै थियो । आफू जति लेख्नमा सक्रिय हुनुहुन्थ्यो अन्य साथीभाइलाई पनि लेख्न प्रेरित गर्नुहुन्थ्यो । उहाँ प्रगतिवादी साहित्यकार हुनुहुन्थ्यो । उहाँले थुप्रै कविता, निबन्ध, कथा, लेखरचनाहरू गर्नुभएको छ । उहाँले थुप्रै पुरस्कारहरू पनि पाउनुभएको थियो । कृष्ण सेन 'इच्छुक' साहित्य सम्मान पुरस्कारसमेत पाउनुभएका उहाँले प्रसस्तै क्रान्तिकारी विचार र दृष्टिकोण समाजमा प्रवाह गर्नुभएको छ। उहाँ श्रीमती यमुनालाई पनि लेख्न प्रेरित गर्नुहुन्थ्यो ।

सामाजिक सेवामा समेत उहाँ अग्रपङ्क्तिमा हुनुहुन्थ्यो । उहाँले गरेका महत्वपूर्ण सामाजिक कामहरूमा वातावरण सचेतना केन्द्र खुदुनाबारी (२०५१/५२), सहिद उद्यान मञ्च (सुखानी २०५१), बुद्धिजीवी सङ्गठनका केन्द्रीय सदस्य, मानवअधिकार मञ्च गठन गर्नुका साथै उहाँले जनता मावि खुदुनाबारीको चौतर्फी विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

गरिबीको जाँतोमा पिल्सिएको डी कौडिन्यको जीवन राजनीतिक जीवनमा सङ्गठनभन्दा पनि प्राकृतिक न्यायको सिद्धान्तका आधारमा स्वतस्फूर्त रूपमा सुरु भएको देखिन्छ । बाल्यकालदेखि नै इमानदार स्वभाव, मिजासिलो बोली, साहस, धैर्य, शालीनता, विवेकशीलतालगायत गुणले युक्त डी कौडिन्यले जीवनसङ्घर्षको भोगाइ र अन्याय, अत्याचारको लडाइँ आफैँबाट सुरु गरेको देखिन्छ । उहाँ तडकभडक पहिरनमा कहित्यै देखा पर्नुभएन । मुलुकको मूल समस्याको कारण राजनीतिक कारण हो र यो सामन्त वर्गको हालीमुहालीको कारण हो भन्ने बुझ्नुभएका उहाँ श्रमजीवी जनतालाई गोलबन्द गर्दै आडभरोसा दिने गर्नुहुन्थ्यो । उहाँ जहाँजहाँ बस्नुभयो त्यहाँत्यहाँ विभिन्न नाम र रूपमा क्रान्तिकारी सङ्गठन बनाएको पाइन्छ । २०३६ सालबाट तत्कालीन नेकपा मालेको विद्यार्थी सङ्गठनमा आबद्ध भएर झापाका विभिन्न ठाउँमा रहेर भूमिगत र खुला दुवै प्रकारले राजनीतिक जीवन सुरुआत गर्नुभएको थियो । त्यस समय उहाँ जहाँजहाँ जानुभयो त्यहाँत्यहाँ सबैले उहाँलाई आँखाको नानीजस्तो मान्दछन् । ०४२ सालमा जेल पर्नुभयो । बहुदल पुनर्स्थापनापछि तत्कालीन माले हुँदै एमालेको राजनीतिमा सक्रिय त हुनुभयो तर एमालेको छैटौँ महाधवेशनमा गएको बेला त्यहाँ बहुदलीय जनवाद पक्षधरहरूले नौलो जनवाद पक्षधरहरूलाई पत्तासाफ गर्ने ढङ्गले गरेको व्यवहार र सहिदको अपमान हुनेखालेहरूको क्रियाकलापले उहाँमा निराशा आएको थियो । यद्यपि त्यसलाई अन्तरपार्टी सङ्घर्ष मान्दै ०४५ सालसम्म एमालेमै रहेर स्वस्थ अन्तरसङ्घर्ष चलाउनुभयो । ०५२ सालबाट सुरु भएको जनयुद्धको प्रभाव उहाँमा सुरुदेखि नै परेको पाइन्छ । लामो समयसम्म एमालेमा भएको आफ्नो लगानी र विघटनतिर गैरहेको एमाले अनि भर्भराउँदो ज्वाला बनेर उठेको जनयुद्धले उहाँलाई खिच्यो । त्यसपछि ०५४ बाटै उहाँले पार्टीको विभिन्न विभागमा बसेर काम गर्दै ०५८ बाट उहाँ पूर्णकालीन बन्नुभयो र पार्टी-आन्दोलनलाई सही ढङ्गले अघि बढाउँदै झापाली वर्गसङ्घर्षमा महत्वपूर्ण योगदान गर्नुभयो ।

समग्रमा डी कौडिन्य एक स्रष्टा, स्तम्भकार, विचारक, राजनीतिज्ञ, मेहनतकश जनताको इमानदार नेतृत्व हुनुहुन्थ्यो । यो देशका आमजनता र झापालीहरूको बीचमा सधैँ चम्किरहने रातो तारा हुनुहुन्छ ।

ufh] xfg]sf]h:tf]sxLFyPg . cfF p3f/}lyP . s6bfs6b}/ 3f]Rbf3f]Rb}d[o' ePsf]kI6 b]lvGYof] . t}klg ;]gf / ;/sf/ d}gfrnL le8Gtdf cfrfo{sf] d[o' ePsf]eg] ;dfrf/ ;Dk]f0f ul//x]sf lyP t/ sf]xL klg le8Gtdf d[o' ePsf]eg] kTofpg]cj:yfdf lyPgg . pgL aGb's rnfpg]xf]g, snd rnfpg]dfG5]lyP . snd rnfpg];F s;/L le8Gt xg ;S5 <

### डी कौडिन्यको हत्या

क. देवकुमार आचार्य डी कौडिन्यलाई ४० वर्षको उमेरमा आस्थाका आधारमा जनयुद्धको समयमा तत्कालीन देउवा सरकारका जल्लादहरूले सुराकी लगाएर झापाको बुधबारेबाट गिरफ्तार गरी चारआली सेनाको क्याम्पमा लगेर निर्ममतापूर्वक हत्या गरे ।

उनलाई ०५९ साउन ७ गते चारआली सेनाको क्याम्पमा हत्या गरी मेची अस्पतालको पोस्टमार्टम कक्षमा राखिएको थियो । लडाइरहेका थुप्रै लासहरूमध्ये उनको लास ०५९ साउन ८ गते परिवारलाई नदिने सर्तमा शव देखाइयो । शरीरभरि रगतैरगत जमेको, नीलडाम, छाला उक्किएको, खुट्टाका औँलाहरू उक्किएका, लास लडेको ठाउँमा रगतका फाल्साहरू, शरीरका लुगाहरू धुजाधुजा पारेर च्यातिएको, छातीमा सङ्गीनले छेडेका तीनवटा प्वालहरू, यस्तो अवस्थामा उहाँको शव देखाइयो ।

गोली हानेको जस्तो कहीँ थिएन । आँखा उघारै थिए । कुट्दाकुट्दै र घोच्दाघोच्दै मृत्यु भएको प्रस्ट देखिन्थ्यो । तैपनि सेना र सरकार मैनाचुली भिडन्तमा आचार्यको मृत्यु भएको भनेर समाचार सम्प्रेषण गरिरहेका थिए तर कोही पनि भिडन्तमा मृत्यु भएको भनेर पत्याउने अवस्थामा थिएनन् । उनी बन्दुक चलाउने होइन, कलम चलाउने मान्छे थिए । कलम चलाउनेसँग कसरी भिडन्त हुन सक्छ ? उनलाई चिन्नेहरू यही प्रश्न गर्ने गर्थे । ०५९ साउन ७ गते हत्या गरिएका महान् योद्धा, जनताका महान् नेता, कुशल साहित्यसर्जक, कुशल शिक्षक, समाजसेवी, होनहार व्यक्तित्व क. डी कौडिन्यको साउन ९ गते झापाको कन्काई माईमा हँसियाहथौडा अङ्कित झन्डा ओढाएर दर्सौँ हजार जनताको उपस्थितिमा अन्त्येष्टि गरियो । त्यसबखत नै झापाली श्रमजीवी जनताका प्रिय नेताको भौतिक शरीर रहेन । यद्यपि त्यही सपना, त्यही अठोट, त्यही आदर्श र निष्ठा जीवित छ अहिले पनि । यस अर्थमा उहाँ जीवित हुनुहुन्छ ।

यतिबेला सिङ्गो देश ठूलो अन्योलमा छ । सबै तहका निर्वाचनको समाप्ति र निर्वाचितहरूको भीड अनि निर्वाचित भनिएकाहरूद्वारा राष्ट्र र जनतामाथि निरन्तर थोपरिँदै आएको अन्याय, यो सबै दृष्टान्त अहिले सबैको आँखैअगाडि छ । सर्वसाधारण जनताले केपी ओलीको वर्तमान सरकार र ठूलाठूला पार्टी मिलेर बनेको गठबन्धनबाट समृद्धिको सपना देखेका थिए तर आजको दिनसम्म आइपुग्दा सरकार र नेताहरूको कार्यशैली र काम देखेर जनता निराश बनेका छन् । केही गर्ला, अब केही हुन्छ भन्ने आमजनताको बुझाइमा ठेस लागेको छ ।

नेपाल कम्युनिस्ट पार्टीले निर्वाचनको औचित्यमाथि प्रश्न उठाउँदै त्यसको खारेजीको अपिल गरेर प्रतिरोध आन्दोलन गरेको थियो । यद्यपि राज्यका सबै साधनस्रोत, प्रभाव र शक्ति लगाएर, अर्बौँ रुपैयाँ खर्चिएर, भड्किलो तामझाम, रक्सी र मासु पार्टी चलाएर निर्वाचननामक एउटा नाटक मञ्चन भएको थियो । त्यसपछि त्यो कृत्रिम नाटकले उत्पादन गरेको भ्रमले सञ्चालनमा ल्याएको शासनले जनता वाक्कदिक्क भएका छन् । तसर्थ यतिबेला जनताको बीचबाट केपी र केपी ओलीको संसदीय व्यवस्थानामक ब्रान्डले जनताको जीवनमा कुनै खुसी ल्याउन नसक्ने ठान्दै जनता नेपाल कम्युनिस्ट पार्टीले सञ्चालनमा ल्याएको एकीकृत जनक्रान्तिको अभियानमा जुट्न थालेका छन् ।

वर्गसङ्घर्षको प्रक्रियालाई दह्रोसँग पक्डेर आन्दोलनको आँधी सिर्जना गर्नसक्ने झापाली जनताको इतिहास र वर्तमान विद्रोही प्रकारको छ । यही विरासतका कारण झापाली जनता अहिले गाउँगाउँबाट उठ्न थालेका छन् । टोलटोलबाट जुर्मुराउन थालेका छन् । हामीले महान् सहिदहरूलाई सम्झिरहँदा सबैलाई सम्झनुपर्छ र सबै महान् सपूतहरूको सपनाप्रति सम्मान गर्न सक्नुपर्दछ । २०२८ सालमा सुखानी जङ्गलमा रगत बगाउने योद्धाहरू, जनयुद्ध र जनआन्दोलनमा जीवन दिनेहरू ती सबै झापाली युवाहरूलाई स्मरण गरिरहँदा हामी सबैको मन उद्वेलित हुन पुग्छ । हाम्रो क्रान्ति पूरा गरिछाड्ने सङ्कल्प दरो भएर ठिङ्ग उभिन पुग्छ ।

क. डी कौडिन्यको जीवनको चर्चा गरिरहँदा हामीले उहाँको जीवन कुनै व्यक्तिगत र निजी जीवनको सुख र समृद्धिका निम्ति होइन, सिङ्गो मानव जातिको सुख र भलोका निम्ति थियो भन्ने पाउँछौँ । समाजमा व्याप्त अनेकौँ उत्पीडन, अन्याय र अत्याचारहरूका विरुद्ध विद्रोह गर्ने विषय र जनतालाई उक्त विद्रोहमा होम्ने कुरामा क. डी कौडिन्यको नेतृत्वदायी भूमिका रहेको देखिन्छ । पत्रकारिता र साहित्यमा प्रखरता र विशिष्टता थियो भन्ने कुरा उहाँका रचना र अनेकौँ प्रस्तुतिहरूबाट थाहा हुन्छ । समग्रमा झापाली वर्गसङ्घर्षमा निक्कै अग्लो पात्रका रूपमा रहनुभएका डी कौडिन्य र सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूको साझा सपना पूरा गरिछाड्ने दायित्व नै अहिलेको हाम्रो मुख्य दायित्व हो ।

हामी यतिबेला प्रतिक्रान्तिकारी लालगद्दारहरूले चिहानमा लगेर गाडेको आन्दोलनको झन्डा उठाएर एकीकृत जनक्रान्तिमा होमिएका छौँ । हामी झुपडी र महललाई, गाउँ र सहरलाई जोड्न खोज्दैछौँ । हामी सबै प्रकारका बेथिति र गद्दारीका विरुद्ध विस्फोट हुन खोज्दैछौँ । निश्चय नै हामीले सहिदहरूको बलिदानको स्मरण गर्दै बाँकी कार्यभारप्रति उत्तरदायी बन्नैपर्छ । विभिन्न कालखण्डमा सहादत गर्नुहुने सबै सहिदको सपना पूरा गरिछाड्ने अठोट र प्रतिबद्धतासहित एकीकृत जनक्रान्तिको अभियानमा सहभागी हुन जरुरी छ । यसो गर्दा मात्र डी कौडिन्यलगायत सबै सहिदको सम्मान र स्मरण हुनेछ ।

वर्ष ४, अङ्क ७, पूर्णाङ्क १५३
रातो खबर साप्ताहिक

● पुस्तक समीक्षा

# समयको शालीन गर्जन : सपनाको मेघमाला


अनिल विरही

कवि शीला योगीको पहिलो कवितासङ्ग्रह 'सपनाको मेघमाला' प्रकाशित भएको छ। योगी लामो समयदेखि सांस्कृतिक अभियानमा संलग्न हुनुहुन्थ्यो। सांस्कृतिक फाँटमा त्यति चर्चामा नरहे पनि भ्याली सांस्कृतिक सङ्गम, सामना परिवारलगायतसँग जोडिएर सांस्कृतिक तथा साहित्यिक कार्यक्रममा जोडिँदै आउनुभएको हो। उनै कवि योगीको कविताकृतिका विषयमा यहाँ सामान्य चर्चा गरिएको छ।

कवितासङ्ग्रहमा कवि योगीले समयले उठाएका प्रश्नहरूको जबाफ दिनुभएको छ र आफ्नो वर्गीय पक्षधरता प्रकट गर्नुभएको छ। त्यसो त प्रश्नहरूको जबाफ आफैँमा वर्गपक्षधरताको प्रमाण हो। उहाँले समयका तगाराहरू भाँच्दै कविताकर्म गर्नुभयो। मैले कविता किन र कसरी लेखेँ ? उहाँ भन्नुहुन्छ, 'मेरोवरिपरि, साँझबिहान कहिले छोरीका नाममा, कहिले धनी र गरिबका नाममा र कहिले कथित माथिल्ला जात र तल्ला जातका नाममा हुने गरेका असमानता र त्यति मात्र होइन, सिङ्गो देशको राज्य संरचना र त्यसबाट भएका उत्पीडनहरूले मलाई छोए, छुँदै गए र तिनले मलाई कविता लेख्न सामग्री र उत्प्रेरणा दुवै प्रदान गरे।'

आफू र आफ्नो वरिपरिको वातावरणले व्यक्तिलाई सिर्जनाकर्मका लागि विषय प्रदान गर्दछ। साहित्य यथार्थको मूर्तीकरण हो। त्यसो भए जीवनका लागि साहित्यको आवश्यकता किन पऱ्यो त ? साहित्यले जीवनलाई केन्द्रीकृत आदर्शमय, लालित्यमय र उच्च मूल्यबोध बनाउँछ। मानवीय मूल्यलाई अथवा जीवनलाई पशुचेतबाट रोकेर मानवीकृत गर्न प्रेरित गर्दछ। त्यसकारण साहित्यको आवश्यकता पर्दछ। योगीका कविता त्यसका साक्षी छन्।

कविका कविताका पङ्क्तिहरू कतै शालीन तलाउजस्ता लाग्छन् भने ती कतै खहरेझैँ गड्गडाउँछन्। कतै ती आगोका फिलिङ्गाझैँ लाग्छन्। बाईसवटा कवितामध्ये 'कम्लरी' शीर्षकको कविता आगोको फिलिङ्गोजस्तै तातो कविता हो। सोही कविताको एउटा पङ्क्ति हेरौँ -

'सधैँ डर र लाजले झुक्ने मेरा आँखाहरूबाट
आगो सल्केको पत्तै पाइनँ
म कम्लरीको ठाउँमा अब काली बनेर
तिमीजस्ता साहेब र मालिकका टाउका छिनालेर
तिमीजस्ता काला दैत्यहरूलाई
एउटै चिहान बनाउन चाहन्छु
अनि त्यही चिहानमा महिला मुक्तिको बिगुल फुकेर
एउटै जातिको मान्छेको बस्ती बसाउन चाहन्छु।'

यो कवितामा कविले वर्गीय समाजको रूपान्तरणका लागि सशस्त्र विद्रोह अनिवार्य बन्ने तथ्यलाई स्वीकार गर्नुभएको छ। विषय र पात्र छनोटका दृष्टिले सबैभन्दा पिँधको मान्छेलाई नायकका रूपमा उभ्याउनुभएको छ। यो मार्क्सवादी सौन्दर्यचिन्तनको आधारभूत पक्ष हो।

रातपछि दिन हुनु र दिनपछि रात हुनु जगत्को नियम नै हो। अँध्यारो रात चिरस्थायी हुनै सक्दैन। आज अँध्यारो छ र स्रष्टाहरूले अँध्यारोका विरुद्ध लेखिरहेका छन्। त्यसैप्रकारको कविता हो- 'हरेक बिहानीले सुरुआत गर्छ।' हेरौँ सोही कविताका केही पङ्क्ति -

'रात फेरि आउँछ
भोगाइका अनुभूतिहरू समालेर राख्नुछ
सुन्दर पल आफन्तसँगको साथले
पराजित गर्नुछ बेच्ने दलालहरूलाई
जोगाएर आफूलाई थुप्रै गौँडाहरू
अझै पार गर्नुछ।'

नेपाली क्रान्तिमा घात भएको छ, प्रतिक्रान्ति मौलाएको छ। दमन, उत्पीडन बढ्दैछ। रात फेरि आउँदैछ। यस्तो बेला विचलित हुनु हुन्न। मनहरू समालेर राख्नुपर्छ। विगतका भोगाइहरू आगतमा झन् दुख्ने भएर आउनेछन्। श्रमिकहरू, प्रमिथसहरू सबैसबै एक मन, एक ज्यान हुनुपर्छ। घाम उदाउने सुन्दर बिहानीमा हाम्रो सुन्दर एकताले दलालहरूलाई लछार्नेछ। जनताका सपनामाथि घात गर्ने दलालहरूलाई पराजित गर्नुछ। आज गौँडागौँडामा दलाल पुँजीवाद गल्ला थापेर बसेको छ। अभाव, निराशा, भयवाद, फुट, विभाजन, अविश्वास, खरिदबिक्री, हत्कडी-जन्जिर, मनोवैज्ञानिक युद्ध सत्य र न्यायका विरुद्ध भयानक युद्ध छेडिएको छ र यो राजनीतिक स्वरूपको युद्ध फौजी टक्करतिर गतिवान् छ। त्यसकारण गौँडागौँडामा तैनाथ दुष्ट हावाबाट आफूलाई बचाउनुपर्छ। अयोग्य घोषणा गरिएका अनि सडकमा फालिएका सबै मनहरूमा रङ भर्नुपर्ने जिकिर छ कवि योगीको।

तिर्खाएका मन, मेरो प्रेम बसेछ, अन्तिम इच्छा मध्यमस्तरका कविता हुन्। समकालीन राजनीतिक प्रणाली र चिन्तनको दृष्टिले हेर्दा 'गणतन्त्र र नाङ्ले पसल्नी' महत्वपूर्ण कविता हो। निरङ्कुश राजतन्त्रका विरुद्ध भुइँमान्छेहरू लडे। तर उनीहरूको जीवनमा लोकतन्त्र आएन। बास छैन, नानीहरूका लागि राम्रो छैन, नगरप्रहरीको ज्यादती झन् बढेको छ। उनीहरू मात्र भऱ्याङ बनाइए। उनीहरूको भत्किएको करङमा जनजाति, दलित, महिला, मधेसी नारा उराल्दै नयाँपुराना ठालुहरू सत्तारोहण भए। हेरौँ 'गणतन्त्र र नाङ्ले पसल्नी' शीर्षक कविताका केही पङ्क्ति -

'मेरी छोरीलाई सुमसुम्याउँदै, फकाउँदै
म भन्ने गर्थें-
अब त गणतन्त्र आउँछ रे !
हामीजस्ताको कुरा पनि सुनिन्छ रे !
मेरो कुरा सुनेर मेरी छोरीले
मलाई भन्ने गर्थी-
कसले सुन्छ हाम्रो कुरा ?
कहिले आउँछ गणतन्त्र ?
हिजोआज मलाई
मेरी छोरीको कुरा साँचो लागेको छ।'


संसदीय लोकतन्त्रका मसिहाहरूले पुँजीपति वर्गको लोकतन्त्रलाई निम्छराको समेत लोकतन्त्र भनेर झूठो गीत गाइरहेका थिए। हामीले त्यसको विपक्षमा औँलो ठड्याएका थियौँ। हाम्रो स्वर सानो थियो। टाढासम्म पुग्न दिइएको थिएन। समयले आज कोल्टे फेरेको छ। नराधमहरूका विरुद्ध श्रमिक वर्ग सोभिन थालेका छन्। छलकपट भएको तथ्य व्यवहारद्वारा पुष्टि भएको छ।

सार र रूप पक्ष अर्थात् विचार र कला दुवै दृष्टिले 'लाङटाङ र आङा आले' निकै सुन्दर कविता हो। यसमा आञ्चलिकताको मिठास छ। आफन्तीपनको न्यानोपन छ। प्रकृतिलाई मानवीकृत गरेर जनयुद्धका महान् सपना, त्याग, आदर्श र बलिदानहरूलाई आदर्शीकरण गर्नुभएको छ। यसलाई सौन्दर्यात्मक र विचारधारात्मक दुवै दृष्टिले अब्बल कविता भन्न सकिन्छ। हेरौँ केही पङ्क्ति -

'अन्तिम श्वासमा
'लाङटाङ तिमी साक्षी छौ' भनेर ढले
हो, म साक्षी छु
तिम्रो बलिदानपूर्ण आस्थाको
म चुपचाप साक्षी भएर नियालिरहेँ
मृत्युको अन्तिम सँघारमा पुगेको
प्यारा आङा र आलेलाई
मेरो काखमा राखेर
वीरताको विशाल खुसी दिइरहेँ।' (पृष्ठ २६)

महान् जनयुद्धको समयमा वा त्यसको भावभूमिमा लेखिएको यो कविता सुन्दर बिम्बमा लेखिएको छ। कविताको भाषा बिम्ब हो। कविताको आफ्नै भाषा हुन्छ, शैली हुन्छ। हेरौँ अरू केही पङ्क्ति -

'चौँरी र च्याङ्ग्रा चर्ने चौरमा
उनीहरूका सिकार हुने गर्थे
चौँरी र च्याङ्ग्राहरू
हो, म साक्षी भएर टुलुटुलु हेरिरहेँ
मेरा आङा र आले खेल्ने काखमा
भोटे कुकुरका मालिकले




परेड खेलेको
रगतमा मात्तिएर नाचेको
हो म साक्षी छु (पृष्ठ २८)

कला र विचार पक्ष अर्थात् आधार पक्ष र रूप पक्ष दुवै दृष्टि सबैभन्दा सबल कविता 'सपनाका मेघमालाहरू' हो। यो कवितामा सपना नमार्न, अँध्यारो वर्तमानभित्र बिहानीका किरण देख्न आह्वान गरिएको छ। मरणशील वर्तमानका विरुद्ध संसद्मा नाचिरहेको काशीको चम्पाकलीको भ्रममा नपर्न कविले प्रेरित गर्नुभएको छ। श्रमिकका सपनामाथि विश्वासघात भएको कारण चौतर्फी निराशाको कालो बादल छाएको वर्तमानमा सपनाका सुन्दर मेघमालाहरू देख्न सक्नु दूरदृष्टिको परिचायक हो। यो कवि हृदयको विशेषता र सामाजिक दायित्व दुवै हो। हेरौँ सोही कविताका केही पङ्क्ति-

'तिमीसँग रातो रङ छ बाँकी
छरिदेऊ आकाश नै रातो हुने गरी
बन्द हुन्छन्
बेमौसम फुल्ने फूलहरू
राता थुम्का बनेर बादलहरू मडारिँदै
गड्गडाउन सुरु गर्छन्
अनि बर्सिन्छन्
झुप्राका बलेनीहरूबाट राताराता धाराहरू
भो नबनाऊ मन उदास
बर्सिन्छन् फेरि सपनाका मेघमालाहरू (पृष्ठ ३३)

कवि शीला योगी वर्तमानप्रति असन्तुष्ट हुनुहुन्न। हिजोका सहकर्मीहरूले संसदीय पुँजीवादी व्यवस्थाका पक्षमा फोहोरी गीत गाइरहेको बेला उहाँ भने प्रतिध्रुवीय धारका पक्षमा उभिनुभएको छ। आफन्तहरू चेपिने र पराईले हेप्ने व्यवस्था हाम्रो सपना होइन भन्न हिच्किचाहट छैन कविमा। 'बिराना आफन्तहरू' कवितामा उहाँले क्रान्ति नभएको जिकिर गर्नुहुन्छ। हेरौँ केही पङ्क्तिहरू-

'म कसरी पत्याऊँ यो गन्तव्यको गाउँ भनेर
मेरा आफन्तहरू
'यो त आधुनिक गाउँ पो त
यहाँ त विश्वपरिवेशसँग सुहाउँदो बोल्नुपर्छ' भन्छन्
'यसको चालमा हिँड्नुपर्छ' भन्छन्
'नत्र जङ्गली भइन्छ रे' भन्छन्
यो त सभ्य समाज हो
जे भए पनि बुझ्नुपर्छ
जे गरे पनि चुपचाप सहनुपर्छ
नत्र असभ्य भइन्छ रे !
यो सभ्य दुनियाँमा एक्लो भइन्छ रे !' (पृष्ठ ४४)

कुरूप वर्तमानका विरुद्ध अझ पेचिलो कविता हो- बेवारिस वर्तमान। जहाँ खारा, होलेरी, जलजला र थबाङहरू आउँछन्। भेरी र कर्णालीका बगरहरू आउँछन्। बलिदान र आदर्शका बिम्बहरू थिए ती। खरीपाटी र पालुङटार कुरूपताका विरुद्ध शिव र सत्यका निम्ति लडिएका मोर्चाहरू थिए। यो कविताले वर्गीय पक्षधरता र दुई लाइन सङ्घर्षलाई सुन्दर ढङ्गले प्रस्तुत गरेको छ। यो कवितालाई शान्तिप्रक्रियापछिको मार्क्सवादी साहित्यको फाँटमा सबल कविता मान्न सकिन्छ। हेरौँ केही पङ्क्ति -

'तर वर्तमानलाई स्वीकार्य छैन यो कुरूपता
ऊ गुहारिरहेछ सच्चा आफन्तलाई
चिच्याइरहेछ कुरूपता ढाल्नलाई
गिज्याउँछन् नचिनेर चमेराहरू
जो रातलाई मात्र चिन्छन्
र रातभित्र संसार देख्छन्
उज्यालोलाई घेर्छन् र कालो पोत्छन्
ऊ कहिले खरीपाटी सम्झिन्छ
कहिले पालुङटारका पाना पल्टाउँछ
कहिले बन्द अँध्यारो कोठामा छट्पटाउँछ। (पृष्ठ ५२)

कवि योगीको प्रस्तुत कवितासङ्ग्रहको अन्तिममा रहेको कविता हो- जुकाहरूलाई मिल्काइदेऊ। यो कविताले दलाल पुँजीवाद (साम्राज्यवादको स्थानीय एकाइ) लाई निर्मूल नगरी सामाजिक उत्थान नहुने जिकिर गरेको छ। यो कविताले कविलाई राष्ट्रिय परिधिबाहिर अन्तर्राष्ट्रिय आयाममा प्रवेश गराएको छ। कवि योगीको कवित्वचेतका विषय वरिष्ठ समालोचक प्रा.डा. जगदीशचन्द्र भण्डारी भन्नुहुन्छ, 'यी कवितामा सत्य, सुन्दरता, शिवत्व अनि बलिदानी गाथाको गायन तथा उत्पीडनकारी शक्तिहरूका विरुद्ध क्रान्तिको आह्वान छ र सँगसँगै मायावी सत्ताका पक्षधर र तिनका विचलनयुक्त कुरूप आचारप्रति सौम्य प्रहार गरिएको छ।' (आवरण पृष्ठ, अन्तिम)। समालोचक भण्डारीले कविको सारगर्भित मूल्याङ्कन गर्नुभएको छ। यी कविताहरूले सर्वहारा मानवतावाद र स्वतन्त्र मानवजातिको निर्माणको पैरवी गरेका छन्। प्रस्तुत कवितासङ्ग्रह मार्क्सवादी साहित्यको अर्को उपलब्धि हो।

## रणमैदानमा...

स्वास्थ्योपचार केन्द्रसम्म पुऱ्याउनुभएको रहेछ।

केही समयपछि होसमा आउँदा घाइते साथीहरूको करुणादायी चिच्याहट मेरो कानमा गुन्जिन पुग्यो। मेरा नसानसामा रगत उम्लिरहेको थियो। फेरि युद्धमोर्चामै पुगेर लड्ने मनोकाङ्क्षा जाग्यो मभित्र। तर हातखुट्टा शिथिल भइसकेका थिए। स्वास्थ्यकर्मी कमरेडहरू हामीलाई छिट्टै हिँड्न भनिरहनुभएको थियो। गरुँगो मन लिएर एकजना साथीको सहारामा बिस्तारै आरभीतिर हिँड्न सुरु गरेँ म। तर लडाइँ हार वा जित के भएको थियो, थाहा थिएन। म त्यही जान्न चाहिरहेकी थिएँ। मैले लड्न नसके पनि मेरो जीवनसाथीलगायत सबै योद्धाहरूले बदला लिनुहुन्छ भन्ने कल्पना गर्दै म फर्कंदै थिएँ।

टुक्रिएको मुटु थाम्दै म आरभी प्वाइन्टमा पुगेँ। आतुर थिएँ म युद्धस्थलको हालखबर बुझ्न र कमरेड जलनको अवस्था थाहा पाउन। घाइते शिविरमा थियौँ हामी। मलाई भने निकै छट्पटी भइरहेको थियो। युद्धको हालखबर सुन्न नपाइरहेको बेला एकजना स्वास्थ्यकर्मी आइपुग्नुभयो। मेरो मनमा उकुसमुकुसिएका प्रश्नहरूलाई उहाँको अगाडि पस्किएँ। उहाँको अनुहार मलिन थियो र त्यसले सङ्कोचभाव प्रकट गरिरहेको थियो। उहाँको मौनतामा केही छ भन्ने मैले शङ्का गरेँ। तर फेरि




आँट गरेँ कमरेड जलनको घायल वा सहादतको खबर सुन्ने। आखिर जे अनिष्ट कल्पना गरेकी थिएँ, त्यही भएको रहेछ। ...मलाई थाहा थिएन म घायल हुनुभन्दा पहिले नै मेरो जीवनसाथी बदला लिने निर्देशन दिएर सदाका लागि बिदा भइसक्नुभएको रहेछ। क्षितिजपारिबाट उदाउने घाम बनिसक्नुभएको

*युद्धको हालखबर सुन्न नपाइरहेको बेला एकजना स्वास्थ्यकर्मी आइपुग्नुभयो। मेरो मनमा उकुसमुकुसिएका प्रश्नहरूलाई उहाँको अगाडि पस्किएँ। उहाँको अनुहार मलिन थियो र त्यसले सङ्कोचभाव प्रकट गरिरहेको थियो। उहाँको मौनतामा केही छ भन्ने मैले शङ्का गरेँ। तर फेरि आँट गरेँ कमरेड जलनको घायल वा सहादतको खबर सुन्ने। आखिर जे अनिष्ट कल्पना गरेकी थिएँ, त्यही भएको रहेछ। ...मलाई थाहा थिएन म घायल हुनुभन्दा पहिले नै मेरो जीवनसाथी बदला लिने निर्देशन दिएर सदाका लागि बिदा भइसक्नुभएको रहेछ। क्षितिजपारिबाट उदाउने घाम बनिसक्नुभएको रहेछ।*

रहेछ।

यता आफ्नो घाइते अवस्था, उता जीवनसाथीको प्रत्यक्ष सहयोगदेखि सदाका लागि भौतिक रूपमा टाढा भएको खबर ! जीवनमा कहिल्यै नभएको अनुभूति र पीडा भयो। दौडिएर रणभूमिमा गएर पङ्कौँजस्तो लाग्यो। सपना हो वा विपना, स्वीकार्नै सकिनँ। आँखाका आँसु थामिन मानेनन्, बगिरहन थाले। आफ्नै जीवनतुल्य प्रिय मान्छेको मृत्युको खबरलाई स्वीकारौँ कसरी ? तर युद्धको भीषण अवस्थाले उहाँको बलिदानीपूर्ण सहादतलाई पुष्टि गरिसकेको थियो। नचाहेरै पनि बिस्तारै भावनाको तरङ्गबाट यथार्थको धरातलमा आफूलाई उभ्याउने कोसिस गरेँ।

लामो समय मार्क्सवादी प्रेमको अवधि बिताउँदै २०६१ भदौ २३ गते रोल्पाको बाङ्गेतालमा आदरणीय कमरेडहरूको अगाडि आवश्यकतामा बलिदान दिनसमेत पछि नपर्ने प्रतिबद्धता व्यक्त गरेर हामीले विवाह गरेका थियौँ। विवाहको ८ महिना नपुग्दै इतिहासले त्यो कुरा पुष्टि गऱ्यो।

युद्ध आफैँमा निर्मम र कठोर हुँदो रहेछ। यी सबै भावना र विचारको द्वन्द्वबाट नयाँ चीज पैदा भएको छ। विगतको सहकार्यलाई वर्तमानमा स्मरण गर्दै भविष्यमा दुस्मनसँग बदला लिने प्रतिबद्धतासहित आफूलाई समाल्ने कोसिस गरिरहेकी छु। कमरेड जलन, मेरो जीवनसाथी मात्र नभएर एउटा कुशल कमान्डरलाई पार्टीले गुमाएको छ। त्यसैले थप कर्तव्यबोधका साथ आफ्नो जिम्मेवारी पूरा गर्नु हामी सबैको दायित्व बन्न गएको छ। भावनाको छालमा जति तैरिए पनि अब भने सहिदले देखाएको बाटोमा अघि बढ्ने अठोट गर्ने कुरा नै सहिदप्रतिको उच्च सम्मान हुनेछ। कमरेड जलनलगायत सम्पूर्ण सहिदहरूप्रति श्रद्धासुमन !

२० असार, २०६२

## गीत

### cnkqdf k/[sf] o'4sf] glthf o:t}5


पूर्ण विराम

कोइलाबासकै उजाड नरमाइलो बस्ती भएर
खोप्राहरू लछारिएका छन् र पछारिएका छन्
परिचित भवनका दलिनहरू सड्दै मक्किन थालेका छन्
झण्डामा छेर्न थालेका छन् माकुराहरूले
र भान्छामा रगरगाउन थालेका छन् छेपाराहरू
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ
दाम्लो छिनाल्दै गाईहरू भाग्न थालेका छन्
र गोठमा अर्नाहरू एकत्रित भएका छन्।

एउटा घेरामा भने हरपल व्यञ्जन वर्सिरहेको छ
अर्को घेरामा भने उही पुरानो ताप्केमा
घुन मिसिएको पीठो पानी भित्र छड्किरहेको छ
गाउँमा झिना औँलाहरूले फापरको सागलाई
चिमोटिरहेका छन्
सहरभित्र अवतरित औँलाहरू दिनप्रतिदिन
मोटाइरहेका छन्
र चाँदीको चम्चाले पाक्दै गरेको च्याउलाई चलाएर
जाँच गरिरहेका छन्
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ
कमिलाहरू मर्न थालेका छन् र अजिङ्गरहरू
महोत्सव मनाउने तयारीमा आरामगृहमा आराम
फरमाइरहेका छन्।

भीरहरू खोजिरहेका छन् जोन अफ आर्कहरूलाई
र नदीमा मिसिएका कुलाका पानीहरूले
कमै नलाग्ने बनाएका छन् नेत्र अभागीका
कविताहरूलाई
बतासका ओढ्नीहरूले गुटमुटाएका छन् लुसी
ग्रेहहरूलाई
र बेपत्तका पोकोलाई अविरको पहिरोले थिचेको छ
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ
ऋषेश्वरहरूको इतिहासमा आगो लाग्न थालेको छ
र एक धुर मात्र जमिन जित्ने सिकन्धरका दम्भहरूले
सगरमाथाकै चुचुरो चढेको घोषणा गरिरहेका छन्।
चिप्ले किराहरूले हरेकलाई चिप्ले किराकै जुनीमा
आबद्ध हुन
सनासो बोक्दै धम्क्याइरहेका छन्
नमान्नेलाई दुम्सीको काँडाले घोचिदिने आतसबाजी
उडाइरहेका छन्
मुर्दाहरू नै मुर्दाको मलामी गइरहेको यस्तो दृष्य
कहिल्यै देखिएन
अलपत्र परेको युद्धको नतिजा यस्तै छ
कृतिम फूलहरू नयाँ कोट लगाउनेहरूले आफ्नो
कोटमा घुसारेका छन्
र दमनाहरू नौलो दमनको अदृष्य पाङ्ग्रोमा
किचिएका छन्।
अलपत्र परेको युद्धको नतिजा यस्तै छ
यो तातो अलकत्रा भन्दा पनि तातो
मनहरू पोल्ने आगोको भट्टी जस्तो छ
जाकेरीहरूले पाएका छन् भी.सी. तक्माहरू
र वीर सिपाहिहरूको रोदनले वातावरणहरू भरिभराउ
भएका छन्
भैंसीको टाउको शरीरमा झुन्ड्याउनेलाई
अलपत्रमा परेको युद्धको नतिजा राम्रो छ
मानिसको नै टाउको बोकेर विचरण गर्न चाहनेलाई
यो हेमलकभन्दा एकदमै विषाक्त छ
अलपत्रमा परेको युद्धको नतिजा यस्तै छ।

# केसीका जायज माग सम्बोधन गर्न र जनतालाई स्वास्थ्यसेवा प्रदान गर्न माग

■ **रातो खबर संवाददाता**/काठमाडौं

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घका अध्यक्ष डम्बर रावलले डा. गोविन्द केसीका केही जायज मागहरूलाई राज्यले सम्बोधन गर्नुपर्ने बताएका छन् । नागरिकको बाँच्न पाउने अधिकार हनन हुनेगरी स्वास्थ्य संस्थामा हडताल घोषणा गरेकोप्रति उनले भर्त्सनासमेत गरेका छन् ।

बिहीबार महासङ्घका अध्यक्ष डम्बर रावलले प्रेसविज्ञप्ति जारी गर्दै यस्तो बताएका हुन् । अध्यक्ष रावलले जारी गरेको विज्ञप्तिमा नेपाल चिकित्सक सङ्घले डा. गोविन्द केसीको अनशनलाई लिएर स्वास्थ्य संस्थामा हडताल घोषणा गरेर नागरिकको बाँच्न पाउने मौलिक हकको हनन गरेको बताएका छन् । प्रेसविज्ञप्तिमा भनिएको छ, 'युद्धमा समेत स्वास्थ्य सेवा पाउने अधिकारबाट नागरिकलाई वञ्चित नगर्ने अन्तर्राष्ट्रिय मान्यताविपरीत साउन ३ गतेबाट नेपाल चिकित्सक सङ्घले घोषणा गरेको हडताल अमानवीय छ । भर्ना भएका बिरामी अस्पतालबाट लखेटिएको छ । अप्रेसनका लागि आएका बिरामीलाई भर्ना गरिएको छैन । भर्ना गरिएका बिरामीको अप्रेसन रद्द गरिएको छ । यो चिकित्सकीय मर्यादाविरुद्धको कार्य हो ।'

डा. गोविन्द केसीका जायज मागहरूलाई राजनीतीकरण गरिएको बताउँदै रावलले भनेका छन् 'डा. गोविन्द केसीले उठाएका केही जायज मागलाई राजनीतीकरण गरिएको छ । यो दुर्भाग्यपूर्ण छ । एउटा शक्तिले डा. केसीका मागबाट नाजायज फाइदा उठाउने प्रयास गरिरहेको छ जो भर्त्सनायोग्य छ ।'

राज्यले जनमुखी स्वास्थ्यनीति नबनाउँदा डा. केसी र आमनागरिकको स्वास्थ्य जोखिममा परेको भन्दै तत्काल समस्या समाधान गरी स्वास्थ्य क्षेत्रमा घोषणा गरिएको हडताल तत्काल फिर्ता गर्न विज्ञप्तिमा आग्रह गरिएको छ । एउटै मागलाई लिएर १५ औँपटक अनशन बस्नुपर्ने अवस्था उत्पन्न हुनु राज्यकै गैरजिम्मेवारीपन भएको अध्यक्ष रावलको विज्ञप्तिमा उल्लेख छ ।

## नेपाल इन्जिनियरिङ ...

सम्बन्धमा दृढ भई कामकारबाही गर्न जिल्ला प्रशासन कार्यालय भक्तपुर अगाडि बढेको देखिन्छ । यसै सम्बन्धमा ठूलो कर छलीसमेत भएको र कारबाहीमा आउने प्रस्ट बुझिन्छ । यसका बारेमा अध्ययन गर्न सहायक प्र.जि.अ. जयकुमारको संयोजकत्वमा एक सदस्यीय छानबिन समिति बनेको जानकारी स्रोतले दिएको छ । प्रा.लि. दर्ता गरी खाने सञ्चालक समितिका सदस्यहरू कारबाहीमा पर्ने सङ्केत पाएपछि कलेजका विद्यार्थी, अभिभावक र स्थानीय बासिन्दा आशावादी भएको जानकारहरू बताउँछन् ।

## डा. गोविन्द के.सी. ...

तुलना गर्दै सरकारी अधिकारीहरूका अभिव्यक्तिको विरोध गरे । सरकार भने मङ्गलबारसम्म पनि संसदीय प्रक्रियाबाटै केसीका माग सम्बोधन गर्ने अडानमा रहेको छ । शनिबार सडकमा केसीले सुरु गरेको अनशनको समर्थनमा सरकारविरोधी नारा लागिरहेको बेला प्रधानमन्त्री केपी शर्मा ओलीको पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रवक्ता नारायणकाजी श्रेष्ठ निकै आक्रोशित बन्दै एक सरकारी टेलिभिजनमा अन्तरवार्ता दिँदै थिए र भन्दै थिए, 'केसीका माग हुबहु पूरा गर्न सकिँदैन । संसद्मा चिकित्सा विधेयक आएको छ । सरकारले वार्ताटोली बनाएको छ । उनको जीवनरक्षाप्रति गम्भीर बन्दै जुम्लादेखि काठमाडौं ल्याएको छ । सरकारी वार्ताटोलीसँग वार्ता गर्दैनौ भन्ने, कोसँग गर्ने ?'

शनिबार नै प्रधानमन्त्री केपी शर्मा ओली र काङ्ग्रेस सभापति शेरबहादुर देउवाबीच भेटवार्ता भयो । भेटमा देउवाले केसीको जीवन जोखिममा परेको भन्दै गम्भीर बन्न ओलीलाई आग्रह गरे । ओलीले संसदीय प्रक्रियामा अघि बढिसकेको विधेयक नरोक्न आग्रह गरे । दुई नेताको वार्ता आग्रह गरेरै टुङ्गियो ।

अर्कोतिर डा. केसीलाई कुनै शक्तिकेन्द्रबाट परिचालित भएको भनी टिप्पणी गर्ने र उनको अनशन स्वविवेकी निर्णय होइन भन्नेहरू पनि थुप्रै छन् । सामाजिक सञ्जालका भित्ताहरू केसीको सत्याग्रहको पक्ष र विपक्षमा ताली र गालीले भरिएका देखिन्छन् । सरकारले सडकवालालाई र सडकवालाले सरकारलाई तानाशाहको आरोप-प्रत्यारोप लगाइहँदा यो घटनाक्रमलाई हेर्ने फरक दृष्टिकोण पनि छ । नेपाल कम्युनिस्ट पार्टीका एकजना स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोलाले भनेका छन्, 'काठमाडौंदेखि जुम्ला गएर अनशन बस्ने गोविन्द केसी, देशमा मानवअधिकार रहनुपर्दछ भन्ने मानवअधिकारकर्मी र बहुदलवादी संविधानको उल्लङ्घन गर्दै सरकारले साम्यवादी शासन गर्न खोज्यो भन्दै आरोप लगाउने नेपाली काङ्ग्रेस यी सबै तानाशाह हुन् ।' उनले आफ्नो एउटा लामो विश्लेषणमा भनेका छन्, 'डा. केसीले उठाएका माग आजका होइनन्, काङ्ग्रेस सरकारमा हुँदा पनि ती माग थिए । विगतमा एमाओवादी-एमाले वा एमाओवादी-काङ्ग्रेस सरकारमा हुँदा पनि ती माग थिए । आज नेकपाको सरकार हुँदा पनि ती माग यथावत् छन् । त्यसकारण संसद्वादीहरू आलोपालो गरी सत्तामा जान्छन् र सत्ताबाहिर जो रहन्छ उसैका माग बन्दछन् । आलोपालो गर्ने क्रममा सत्तामा पुग्नेहरू सत्तासीनका लागि तानाशाह र सत्ताबाहिर रहनेहरू सडकमा पुग्नेहरूका लागि तानाशाह हुन्छन् । त्यसकारण अहिलेका तानाशाहहरू वर्गीय भेदका कारणले होइन, एउटै वर्गभित्र एउटै उद्देश्यका लागि एउटै सत्ताको मजबुतीका लागि लडिरहेका समधर्मी पात्रहरू हुन् ।'

सामान्य आँकडा हेर्ने हो भने हाल देशमा सञ्चालनमा रहेका कुल मेडिकल कलेजमध्ये ७० प्रतिशत मेडिकल कलेज निजी क्षेत्रबाट सञ्चालित छन् । 'कहीं नभएको जात्रा हाँडीगाउँमा' भनेझैं संसारमा शिक्षा र स्वास्थ्य क्षेत्रमा निजीकरण र व्यापारीकरण हुने देशमा नेपाल पहिलो श्रेणीमा आउँछ । यहाँ सञ्चालित मेडिकल कलेजहरूमा अहिलेका सडकवाला काङ्ग्रेसकै वर्चस्व रहेको पाइन्छ । यसका अतिरिक्त राजनीतिक दलका नेता, सांसद, न्यायालयका अधिकारी, मेडिकल काउन्सिलकै पदाधिकारी मात्र होइन, अख्तियार अनुसन्धानका अधिकारीसमेत लगानीकर्ता रहेको पाइन्छ । अहिले मेडिकल कलेजहरूबाट अत्यधिक नाफा हुने देखेर सत्तामा रहेको मौका छोपी वामवालाहरू पनि आफूअनुकूल नीति बनाएर काङ्ग्रेसजस्तै मालामाल बन्न चाहन्छन् । अहिले बाहिरबाट हेर्दा डा. गोविन्द केसीका मागका सम्बन्धमा सडकमा आन्दोलन र सामूहिक सत्याग्रह चलिरहँदा केसीका स्वास्थ्य क्षेत्र सुधारसम्बन्धी कतिपय माग सकारात्मक लाग्छन् र सरकारी तर्क पनि सहीजस्तो देखिन्छ तर यी आफैँमा अन्तरविरोधी छन् । अहिलेका सडकवालाहरू हिजो सरकारमा रहँदा पनि केसी अनशनमै थिए । आज उही शक्ति सडकमा आउँदा पनि उनी अनशनमै छन् । फेरि सरकारले गरेका ठूला राष्ट्रघातका विषय सडकवालाहरूको आन्दोलनको विषय पनि बनेको छैन । यो आफैँमा अन्तरविरोधी व्यवहार भएको विश्लेषण पनि गरिन्छ । त्यसकारण पनि नेकपाका नेता बास्तोला भन्छन्, 'सडक र सत्तामा रहेका दुवै पक्ष तानाशाह हुन् ।'

डा. केसीको १५ पटकको अनशनमा यसपटकको अनशन सबैभन्दा लामो भएको छ । अनशनको कारण नाजुक बन्दै गएको उनको स्वास्थ्य अवस्थालाई लिएर चिन्ता व्यक्त गरिएको छ । विभिन्न पार्टीका नेताहरू र विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूले शिक्षण अस्पताल महाराजगन्ज पुगी उनको मागमा ऐक्यबद्धता जनाउँदै र स्वास्थ्यलाभको कामना गरिरहेका छन् । डा. केसीले स्वास्थ्य क्षेत्रका विकृति र विसङ्गतिलाई लिएर उठाएका माग केही सही छन् । शिक्षा, स्वास्थ्यजस्ता राष्ट्रिय मेरुदण्डका रूपमा रहेका क्षेत्रमा सरकारी नीतिकै कारण जनताको भन्दा दुईचारजना व्यक्तिको पहुँच छ । अहिले एउटा विद्यार्थीले डाक्टर पढ्ने चाहना राख्यो भने कम्तीमा पनि ६० देखि ७० लाख रकम बुझाउनुपर्छ । एउटा साधारण किसान परिवारको विद्यार्थी पढाइमा जति अब्बल भए पनि मोटो रकम खर्च गरेर डाक्टर पढ्न सम्भव छैन । केसीको भनाइमा चिकित्सा क्षेत्र सर्वसुलभ र सर्वसाधारणको पहुँचमा हुनुपर्दछ भन्ने कुरा सही छ । उनी माथेमा प्रतिवेदन कार्यान्वयन हुने कुरामा जोड दिन्छन् तर त्यही माथेमा प्रतिवेदन जनताको हितमा छैन । सारांशमा केसीको पक्षका सडकवाला र सरकारीवालाहरू पुरानो, अन्तरविरोधी र मक्किएको संसदीय व्यवस्थाले ग्रसित छन् र यो व्यवस्था रहँदासम्म यस्तोखाले अन्तरविरोध रहिरहन्छ । त्यसैले पनि संसदीय व्यवस्थाको विकल्पमा स्थापना गरिने वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सबैखाले अन्तरविरोधहरू समाधान हुनेछन् ।

# खिलुङकालिका एग्रो फर्मलाई जनपरिषद्को चेतावनी

■ **रातो खबर संवाददाता**/काठमाडौं

जिल्ला जनपरिषद् स्याङ्जाले स्थापनाकालदेखि नै विवादित रहँदै आएको खिलुङकालिका एग्रो फर्मलाई सुधारिनका लागि फेरि चेतावनी दिएको छ । परिषद्ले दराैं खोलाको प्राकृतिक बहाव बदलेको, सार्वजनिक बाटो बन्द गरेको, कालिका माविको जमिनबाट फर्मका बाटो लगेको, सार्वजनिक चौतारो नष्ट गरेको, स्कुलनजिक फर्म निर्माण गरेको, वातावरण प्रदूषित बनाएको र स्थानीय बासिन्दाको गुनासोलाई बेवास्ता गरी प्रशासनलाई समेत आर्थिक प्रभावमा पारेको भन्दै नसुध्रिए जनताको मागअनुसार कारबाही गर्ने चेतावनी दिएको हो । परिषद्का प्रमुख विशालले विज्ञप्ति जारी गरी विगतका कमीकमजोरी नसच्याए गम्भीर परिणामको भागीदार हुनुपर्ने भन्दै चेतावनी दिएका हुन् ।

# भारतमा प्रवासी नेपालीहरूको सम्मेलन

**किङ थापा**, तेलङ्गना भारत

प्रवासी नेपाली जनसमाज भारत आन्ध्र तेलङ्गनामा संयुक्त राज्य समितिको प्रथम राज्य सम्मेलन यही जुलाई २२ तारिखमा सम्पन्न भएको छ । सम्मेलनले कृष्ण बोगटीको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिका उपाध्यक्षमा पूर्ण विक, सचिवमा प्रेम बजगाईं, सहसचिवमा दलबहादुर विक र कोषाध्यक्ष रूपराज भण्डारी छन् । अन्य सदस्यहरूमा भूपाल कार्की, मोतीराम विक, कमल विक, विष्णु ढुङ्गाना, ध्रुव मल्ल, सीता बीसी, राधिका बोगटी, रीता बोगटी र प्रेम सवात छन् । सम्मेलनले ३ सदस्यीय सल्लाहकार समिति पनि चयन गरेको छ जसमा रामजी खड्का र अनिल बीसी र अर्को एकजना रहेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि जनसमाजका अध्यक्ष आजाद सेन थापा थिए । यस्तै अन्य अतिथिहरूमा जनसमाजका केन्द्रीय सदस्य तेजबहादुर तिरुवा, देवेन्द्र रावल, कमल आचार्य, जनसांस्कृतिक महासङ्घका टङ्क खाती, देवराज थापा, पूर्वेनेपाली जनसांस्कृतिक सङ्घका एमबी सर्वहारा, गणेश दमला, सुदूरपश्चिमेली समाजका केन्द्रीय अध्यक्ष ध्वोजबहादुर बिष्ट, नेपाली जनसम्पर्क समिति भारतका ताराप्रसाद देवकोटा, प्रभु मनी ट्रान्सफरका अजित बोगटी, अक्षामी देउडा गायक प्रदीप बटाला सहभागी थिए ।

कार्यक्रमका प्रमुख अतिथि थापाले नवनिर्वाचित कार्यसमितिका सदस्यलाई अबिर लगाई शुभकामना दिए । उनले प्रवासी नेपाली जनसमाज भारतको उद्देश्य भनेको भारतमा रहेका नेपाली सचेत गराउने र सङ्गठित गर्ने मात्र नभएर देशमा हुने आमूल परिवर्तनमा पनि महत्वपूर्ण भूमिका रहेको र एकीकृत जनक्रान्तिमा पनि त्यही उद्देश्य रहनुपर्ने बताए ।

कार्यक्रमको अध्यक्षता कृष्ण बोगटी, स्वागत मतव्य दलबहादुर विक र सञ्चालन प्रेम बजगाईंले गरेका थिए । कार्यक्रममा प्रवासी नेपाली जनसांस्कृतिक परिवार कर्णालीका कलाकारले जनवादी सांस्कृतिक कार्यक्रमका साथै अपेरा पनि प्रस्तुत गरेका थिए ।

## ; a\lfKt ;dfrf/

### जनपरिषद्को कारबाहीमा पाण्डे

डोटीका बागवानी विकास अधिकृत कृष्णदत्त पाण्डे आर्थिक हिनामिना गरेको आरोपमा जिल्ला जनपरिषद्को कारबाहीमा छन् । बुधबार बिहान जनपरिषद्का कार्यकर्ताहरूले पाण्डेको कार्यकक्षमै पुगेर कालोमोसो दली कारबाही गरेका हुन् । डोटीको शिखर नगरपालिकास्थित कृषि एकाइ कार्यालयमा कार्यरत पाण्डेले बिउ, मल र कृषि सामग्रीमा भ्रष्टाचार गरेकाले कारबाही गर्नुपरेको जनपरिषद्ले जनाएको छ ।

जनपरिषद्का नाममा जारी पर्चामा मिक्स बिउ तरकारी ७५ हजारमा खरिद गरेर तीन लाखको बिल बनाएको, भटमास र युरिया १ लाखबराबरको ल्याए पनि कृषकहरूलाई वितरण नगरेको, किसानलाई अनुदानमा दिनुपर्ने बिउबिजन पनि वितरण नगरेको, एक करोड २० लाख रकममा ३५ लाख मात्रै देखाएको तर अरू रकम हिनामिना गरेको बताइएको छ ।

### राजबन्दीलाई अभिनन्दन गरियो

नेपाल कम्युनिस्ट पार्टी उदयपुरले प्रहरी हिरासतबाट मुक्त भएका राजबन्दीहरूलाई स्वागत तथा अभिनन्दन गरेको छ । नेकपाका जिल्ला सेक्रेटरी बाबुराम सुवेदीलगायत दुईजनालाई एक कार्यक्रमबीच बिहीबार अभिनन्दन गरिएको हो । उनीहरू असार ३१ गते उच्च अदालत विराटनगरको आदेशमा रिहा भएका हुन् । सुवेदीलाई २०७४ मङ्सिर १४ गते बेलुका प्रहरीले गिरफ्तार गरेको थियो । उनलाई २०७५ असार १४ गते सर्वोच्च अदालतले रिहा गर्न आदेश दिए पनि पुनः अदालत परिसरबाट गिरफ्तार गरी बन्दी बनाएको थियो । पछि उच्च अदालत विराटनगरको आदेशमा उनी रिहा भएका हुन् ।

### पाटन संयुक्त क्याम्पसको सम्मेलन

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) को पाटन संयुक्त क्याम्पसमा एकाइ सम्मेलन सम्पन्न भएको छ । 'वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिका लागि नयाँ पुस्तालाई एकीकृत जनक्रान्तिमा आह्वान ! विज्ञान र सूचना प्रविधिका नयाँ आयामहरूलाई क्रान्तिका पक्षमा प्रयोग गर्न आठौं एकाइ सम्मेलन !' भन्ने नाराका साथ सम्मेलन शुक्रबार सम्पन्न भएको हो । सम्मेलनले ललितजङ्ग बमको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्ष उमेश कोइराला, सचिव रविन न्यौपाने, सहसचिव सविन्द्र देउला र कोषाध्यक्ष दुर्गाप्रसाद मौरियालाई चयन गरेको छ ।

सङ्गठनका महासचिव प्रकाश शाहीले सम्मेलन उद्घाटन गर्दै वैज्ञानिक समाजवादमा मात्रै आम नागरिकका छोराछोरीले वैज्ञानिक शिक्षा प्राप्त गर्न पाउने भन्दै त्यसका लागि विद्यार्थीले पढाइसँगैसँगै राजनीतिक सङ्घर्षमा लाग्नुपर्ने बताएका थिए । कार्यक्रममा अखिल (क्रान्तिकारी) ललितपुर इन्चार्ज लोकेन्द्र बिष्ट, संयोजक विनोद लुइँटेल, काठमाडौं जिल्ला अध्यक्ष दर्शन नेपाली, काठमाडौं क्याम्पस जिल्ला अध्यक्ष उषाकिरण आजाद सहभागी थिए । कार्यक्रमको अध्यक्षता गरेका नवनिर्वाचित अध्यक्ष बमले शैक्षिक माफिया, दलालविरुद्ध सङ्घर्ष नगरी वैज्ञानिक शिक्षाको कल्पना गर्न नसकिने बताउँदै त्यसविरुद्ध निर्मम सङ्घर्ष गर्ने बताएका थिए । कार्यक्रमको सञ्चालन रमेश सुनारले गरेका थिए ।

### अखिल (क्रान्तिकारी) को दुईदिने स्कुलिङ कार्यक्रम सम्पन्न

विप्लव नेतृत्वको नेकपा निकट अखिल (क्रान्तिकारी) लुम्बिनी क्षेत्रीय समन्वय समितिले दुईदिने स्कुलिङ तथा राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । स्कुलिङमा लुम्बिनी ब्युरोअन्तर्गत रहेका जिल्लाहरू रूपन्देही, गुल्मी, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, नवलपुर, परासीबाट ९० जना विद्यार्थीको प्रतिनिधिमूलक सहभागिता रहेको थियो । स्कुलिङमा दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद, सौन्दर्यशास्त्र, विद्यार्थी आन्दोलनको इतिहास, सङ्गठनात्मक सिद्धान्त, सूचना र प्रविधि, शिक्षामा देखिएको नवउदारवादी व्यवस्था, वैज्ञानिक तथा समाजवादी शिक्षा नीतिका बारेमा अध्यापन गराइएको थियो ।

साउन ५ गतेदेखि सुरु भएको स्कुलिङ कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष रुद्र भट्टराई, महासचिव प्रकाश शाही, डा. शिवशङ्कर बस्याल, प्रेमचन्द्र भुसाल, विनोद खनाल, खोमा तरामु मगर सहभागी हुनुहुन्थ्यो । स्कुलिङको उद्घाटनसत्रमा नेकपा रूपन्देहीका जिल्ला इन्चार्ज शरद ओली, सेक्रेटरी अमर, अखिल नेपाल शिक्षक सङ्गठन केन्द्रीय अध्यक्ष घनश्याम पाठक, मुस्लिम राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष अजमहेमद अली, संस्कृतिकर्मीहरूलगायतको उपस्थिति थियो । सुमिल बन्जाडेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रूपा बुढामगर र नवीन खड्काले गरेका थिए भने स्वागत मुक्ति गैरेले गरेका थिए ।

### खोटाङ-काठमाडौं जनगणतान्त्रिक समाजको भेला सम्पन्न

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समाजअन्तर्गत रहेको खोटाङ-काठमाडौं जनगणतान्त्रिक सम्पर्क समाजको सम्मेलन यही शनिबार सम्पन्न भएको छ । सम्मेलनले खेम प्रधानको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ जसअन्तर्गत उपाध्यक्षमा सुदिन प्रधान, सचिवमा सुदीप राई र कोषाध्यक्ष रितुषी राई रहेका छन् । सदस्यहरूमा सुशीला प्रधान, सुमन खतिवडा, विवश थापा, अनिमा राई र सुनिल तामाङ चयन भएका छन् । उक्त कार्यक्रम जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समाजका अध्यक्ष रन मगरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । नवगठित कार्यसमितिलाई प्रमुख अतिथि मगरले बधाई तथा शुभकामना दिँदै आउँदो दिनमा अझ सशक्त ढङ्गबाट एकीकृत जनक्रान्तिको कार्यदिशाका बारेमा आमजनसमुदायमा प्रस्ट पार्नुपर्ने बताए । अध्यक्ष मगरले आफैँभित्र रहेका सम्पूर्ण खराबीहरूलाई चिर्दै क्रान्तिकारी जुझारुपन निर्माण गर्नु भन्नु बढी आवश्यक रहेको भन्दै अभिजातवर्गीय आचरण र कार्यशैली आफ्नो सङ्गठनलाई मान्य नहुने पनि प्रस्ट पारे ।

### काठमाडौंको अध्यक्षमा खड्गी

**काठमाडौं** : नेवाः मुक्ति मोर्चाको काठमाडौं जिल्ला सम्मेलन शनिबार सम्पन्न भएको छ । सम्मेलनले विनोद खड्गीको अध्यक्षमा ३१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ ।

पछिल्लो समय विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आन्तरिक सङ्गठन सुधारलाई तीव्रता दिएको छ । कार्यक्रममा नेकपा निकट नेवाः मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष राजेन्द्र महर्जन, काठमाडौं जिल्ला सेक्रेटरी भृकुटी, क्रान्तिकारी पत्रकार सङ्गठन नेपालका केन्दीय सदस्य शैलेश डङ्गोल, नवीन बिष्टलगायतको उपस्थिति थियो ।

उक्त मोर्चाका केन्द्रीय अध्यक्ष राजेन्द्र महर्जनले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिएका थिए । निर्वाचित अध्यक्ष खड्गीले प्रतिबद्धता मन्तव्य राख्दै एकीकृत जनक्रान्तिका पक्षमा लागिरहने बताए ।

## प्रचण्डका ...

र नेकपा (एमाले) नेताकार्यकर्ता विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका छन् । यसैबीच स्याङ्जामा तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) नेताकार्यकर्ता स्याङ्जाको पुतलीबजार नगरपालिकाका अध्यक्ष ठानेस्वर केसीसहित १३ जना प्रवेश गरेका छन् । यसैगरी प्रवेश गर्ने सदस्यहरूमा श्यामप्रसाद अर्याल, अलि मोहम्मद मियाँ, शोमबहादुर नेपाली, भीमबहादुर सार्की, रमेश कोइराला, अलि महम्मद मिया, राजेन्द्र तिवारी, शेर अलि मिया, रमेश सार्की, दिपक सार्की, पुष्प केसी र बविता नेपाली छन् । तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) संसदवादमा पतन भएको नेताकार्यकर्ताहरूले विद्रोह गर्दै क्रान्तिकारी नेता विप्लवले मात्र क्रान्तिको नेतृत्व गर्न सक्ने भएको बताएका छन् । अध्यक्ष केससहित नेताकार्यकर्ता हस्ताक्षर गरी राजीनामा जारी गर्दै संसद्वादमा पतन भएको भन्दै नेकपामा प्रवेश गरेको बताएका छन् ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष ४, अङ्क ७, पूर्णाङ्क १५३
रातो खबर

नियमित

# दुस्मनको कालकोठरीमा ११२ दिन


माधव गौतम

२०७४ साल चैत ५ गते अनेकोट सांस्कृतिक प्रतिरोध दिवस कार्यक्रम देशैभरि गर्ने केन्द्रीय कार्यक्रम थियो । कार्यक्रम विभिन्न तरिकाले मनाउनका लागि हामी धनकुटा हिलेमा केही साथी जम्मा भएका थियौं । त्यहाँ ३-४ बजे पार्टीका केन्द्रीय सदस्य कोसी ब्युरो इन्चार्ज क.किरण राई, मलगायत ब्युरो सदस्य क. दिव्य बराल, समुल दङ्गाल, नवराज भट्टराई, कलम लिम्बू, फुर्वा तामाङ भेटघाटपछि एउटा होटेलमा बस्यौं । हामीमध्ये केही साथी काठमाडौँ पुग्नुपर्ने, केही साथी भोजपुर पुग्नुपर्ने र क. नवराज भट्टराई बेलुका ६ बजे काठमाडौँबाट आइपुग्ने हुनाले एउटा आकस्मिक सल्लाह गर्‍यौं- आज सबै कमरेड यहीँ बस्ने, केही सामान्य भलाकुसारी गर्ने र भोलि बिहान जहाँ जाने हो त्यहाँ जाने । सल्लाहअनुसार हामी क. किरण दाइसमेत ८ जना त्यहीँ बास बसेका थियौं । करिब ९:४५ बजे राती हामी बसेको ठाउँमा एक्कासि ढोका ढकढक आवाज आयो । मैले ढोका खोलेको मात्र के थिएँ दलाल राज्यसत्ताका एक हूल सुरक्षाकर्मी एक्कासि भित्र प्रवेश गरी हातपात गर्न लागे । उनीहरु 'माथिको आदेश हो, ल हिँड्नुस्' भन्दै हतियार तयारी अवस्थामा राखेर धम्क्याइरहेका थिए । त्यसपछि हामीलाई जबर्जस्ती गाडीमा राखेर जिल्ला प्रहरी कार्यालय धनकुटामा लगियो । हामीसँग पूर्वसभासद् हाम्रा आदरणीय नेता पनि भएको कुरा प्रहरीलाई राख्दा प्रहरीले कुरा सुनेन । हामीलाई नमीठो लाग्यो । राती ११ बजे हामीसँग भएका झोलालगायत सामान खोल्न लगाई अपराधीलाईझैँ व्यवहार गरी हिरासतमा राखियो ।

भोलिपल्ट डीएसपी आएर किरण दाइलगायत हामीसँग सोधपुछ गरे । माथिको आदेश हजूर भन्दै उनी जागिरको कुरा गरिरहेका थिए । मलाई के अनुभूति भयो भने माथिको आदेश भन्दै राती सुतिरहेका मान्छेलाई राजनीतिक आस्थाका आधारमा अपहरणशैलीमा ल्याउनुअघि दलाल राज्यसत्ताले अलिकति सोच्नुपर्थ्यो । भोलिपल्ट म्याद थप गर्ने भनी सीडीओ कार्यालयमा लगियो । ७ दिनको म्याद थप गरियो । केही सार्वजनिक मुद्दा भनेर हाम्राविरुद्ध झूट्टा मुद्दा बनाइएको रहेछ । हिलेमा अशान्ति फैलाएको आरोपमा हामीलाई झूट्टा मुद्दा लगाइरहँदा मलाई पञ्चायतकालको सम्झना आयो । सबैले पढेलेखे भने जान्ने हुन्छन् र सत्ता ढाल्छन् भन्ने पञ्चायती शासन टिकेन । अहिले फेरि त्यही शैली कथित कम्युनिस्ट नामका सत्ताधारीहरूले अपनाइरहेका छन् । सुतेका मान्छे, बाटोमा हिँडिरहेका मान्छे, पढ्दै गरेका विद्यार्थी, उद्योगधन्दामा काम गरिरहेका मजदुर सबैलाई नेपाल कम्युनिस्ट पार्टीको विचारलाई कुल्चिन सकिन्छ कि भनी झूट्टा मुद्दा लगाइरहेको छ । हामीलाई पनि झूट्टा मुद्दा लगाएर धनकुटा हिरासतमा राखियो । २९ दिनपछि जनही ३०० धरौटीमा छोड्ने आदेश गरी पुनः कार्यालय हाताभित्रैबाट पक्राउ गरेर उदयपुर जिल्लाको गाईघाट जिल्ला प्रहरी कार्यालय पुर्‍याइयो । त्यहाँ हामीमाथि फेरि अर्को नाटक मञ्चन गरियो । म पहिलोचोटि त्यस जिल्लामा पुगेको थिएँ । पक्राउ पुर्जीमा विस्फोटसम्बन्धी अभियोग लगाइएको थियो । हामी दलाल राज्य र राज्यका यी मतियारहरूको षड्यन्त्रबाट अचम्मित भएका थियौं । २/३ दिनपछि किरण राईलगायत हामीसँग सोधपुछ गरियो । किरण राईले पार्टीले जनताको एजेन्डालाई अगाडि बढाउने कुरा सविस्तार राख्नुभयो । यो दलाल संसदीय व्यवस्थामा श्रमजीवी वर्ग, मध्यमवर्गीय जनता, मजदुर, किसान कोही पनि खुसी भएको देखिएन ।

बेलाबेलामा हामीलाई बाहिर चौरमा निकाल्ने गरिन्थ्यो । त्यहाँ हामीलाई २७ दिन राखी अदालतमा बुझाइयो । अदालतमा हाम्रो पक्षमा बहस गर्न वरिष्ठ अधिवक्ता तथा पूर्वसभासद् एकराज भण्डारी, तीर्थ तामाङ, वैकुण्ठ दाहाल, श्याम चौधरीलगायत ६/७ जना वकिलले बहस गर्नुभएको थियो । हामीलाई २०७४ मङ्सिर १२ को निर्वाचनमा हिमाल कार्कीको गाईगोठमा बम विस्फोट गराएको झूट्टा मुद्दा लगाइएको विषयमा बहसपैरवी भएको थियो । एकराज भण्डारीले बहस गर्दा ठूलै सन्नाटा छाएको थियो । बेलुका ५ बजे जनही दस हजार धरौटीमा हामीलाई अदालतले छोड्ने आदेश गर्‍यो तर राज्य सञ्चालन गर्ने ठेकेदारहरूले हामीलाई पुनः अदालतभित्रै घेरा हाली बारको कार्यालयमा शरण लिएर बस्दा पनि जबर्जस्ती फेरि गिरफ्तार गरियो । त्यसबेला मलाई यस्तो अनुभूति भयो- न्यायालय पनि स्वतन्त्र छैन किनकि न्यायालय थुन्नुपर्ने कारण छैन भनी आदेश गर्छ, सरकार चलाउने ठेकेदारहरू पुनः गिरफ्तार गर्छन् । के पनि अनुभूति भयो भने न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका यी तीनवटै अङ्गहरू एकअर्कामा स्वतन्त्र छैनन् ।

त्यहाँ २७ दिनको हिरासत बसाइपछि २८ गते बिहान मोरङको उर्लाबारी इलाकामा ल्याउने काम भयो । उर्लाबारीसम्म आउँदा क्रान्तिकारी विचारका वाहक रातो खबर साप्ताहिक, इरातोखबर अनलाइन, विभिन्न पत्रपत्रिका, एफएम, रेडियो, विभिन्न अनलाइनहरूमा झूट्टा मुद्दाको व्यापक भण्डाफोर भएपछि बजार, चोक, चिया पसललगायत सार्वजनिक स्थानमा निरङ्कुश शैलीको विषयमा चर्चा हुन थालिसकेको थियो । त्यहाँ पनि हामीलाई केही सार्वजनिक मुद्दा लगाई ५ दिनको म्याद थपेर हिरासतमा राखियो । हिरासतमा बस्दा किरण राई सरसफाइका कुराहरूमा विशेष ध्यान दिनुहुन्थ्यो । हामीलाई पनि सिकाउनुभयो । एकजना हबल्दारले त मुखैले प्रशंसा गरे, 'हामीले धेरैलाई थुन्यौं तर तपाईंहरूजस्तो कसैलाई पाएका थियौं ।'

१५ दिनपछि उच्च अदालतले छोड्न आदेश गर्‍यो । त्यहाँ पनि ६/७ जना वकिलहरूद्वारा बहसपैरवी भएको थियो । त्यहाँ पनि पुनः गिरफ्तार गर्ने आशङ्का देखिएपछि न्यायाधीशसँग गई किरण दाइले छलफल गर्नुभएको थियो । न्यायाधीशले सबै कुरा बुझिसकेका थिए । थुनामुक्त हुने आदेश भयो तर बाहिर पुनः पक्राउ गरी सुनसरीको धरानमा लगियो । धरानमा पहिला विजयी सभासद् कमरेड किरण राईलाई भेट्नेको लर्को लाग्यो । बुद्धिजीवीदेखि उद्योगपति, विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, पत्रकार, शुभेच्छुक, आफन्त, त्यस क्षेत्रका जनता सबै धरानमा लर्को लागेका थिए । हामी भित्र भए पनि त्यस लर्कोले गर्दा हामीलाई त्यहाँ ऊर्जा थपिएको थियो । जिम्मेवार समाजको पनि बोध भयो । हामीलाई त्यहाँ कर्मचारीहरूले सहयोगको भावना देखाए । किरण दाइसँग उनीहरु भन्दै थिए, 'तपाईंहरूको सेवा गर्नु हाम्रा लागि खुसीको कुरा हो ।' धनकुटा, उदयपुर, मोरङ, सुनसरी, झापा, इलाम जहाँ गए पनि किरण दाइका आफन्त आउँदा ऊर्जा थपिएको थियो ।

धरानमा १० दिनपछि उच्च अदालत विराटनगरमा निसाफ सरले बन्दी प्रत्यक्षीकरणको निवेदन दायर गर्नुभएको थियो । यो झूट्टा मुद्दा हो भनी बहस भएपछि हामी थुनामुक्त हुने आदेश भएको थियो तर पुनः अदालतपरिसरबाटै गिरफ्तार गरी पुनः मोरङ पुर्‍याइयो ।

त्यसपछि हामीलाई ठाउँठाउँमा अड्डासार गर्दै रातको ३ बजे झापा पुर्‍याई फेरि हिरासतमा राखियो । भोलिपल्ट फेरि उही पुरानो रोग बल्झाइयो । झापाको सदरमुकाममा अशान्ति मच्चाएको भनी झूट्टा मुद्दा लगाइयो । मुद्दाको शीर्षक केही सार्वजनिक थियो । ५ दिनपछि म्याद थप गर्न जाँदा हाम्रो नेतृत्व क. किरणलगायत हामी ४ जनाले प्रजिअसँग भेट गर्न माग गर्‍यौं । मागपछि भेट भयो तर प्रजिअले पनि उही पेट पाल्ने मात्र कुरा गर्नुभयो, 'हाम्रो त जागिर हो । माथिको कुरा हो ।' हामीलाई लाग्यो- यो सत्ताका रक्षकहरुलाई पनि हामीले नै उद्धार गर्नुपर्ला जस्तो ।

झापामा २६ दिन थुनिसकेपछि जिल्ला प्रशासन कार्यालयबाट जनही पाँच सय धरौटीमा थुनामुक्त हुने आदेश गयो । त्यहाँ हाम्रा पूर्वमित्रहरूले धेरै सहयोग गर्नुभयो । झापाबाट फेरि हामीलाई इलाम लगियो । त्यहाँका कर्मचारी र कमान्डरको व्यवहार राम्रै पाइयो । सद्भाव र सम्मानसहितको व्यवहार । हामी थुनुवालाई त्यस बेलासम्म हाम्रो पक्षका वरिष्ठ अधिवक्ता एकराज भण्डारीलगायत सत्ता पक्ष, अन्य वकिलहरूले झूट्टामुद्दाविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । बहसपैरवीपछि बन्दीसहितलाई झिकाउनू भन्ने पत्र जिल्ला प्रहरी कार्यालयमा पुगेको थियो । झूट्टा मुद्दा ३ महिना १२ दिन खेप्दा हामीले भित्री मोर्चा कसिलो बनाएका थियौं । मलाई लाग्यो- एकीकृत जनक्रान्तिमा आफ्नो भागमा जेल, हिरासत वा बलिदान, समाजका लागि गर्ने जीवनदान वा उत्सर्ग हामीले त्यसका लागि तयार हुनैपर्छ ।

हामी असार २४ गते ११२ दिन हिरासत बसेर रिहा भयौं । हिरासतमा बस्दा हामीलाई सहयोग गर्ने पार्टीपङ्क्ति आफन्त, कर्मचारी, पूर्वमाओवादी केन्द्राका कमरेड, हामी छुटिसकेपछि पूर्वी कमान्डद्वारा हामीलाई गरिएको राजबन्दी सम्मान कार्यक्रमले एकीकृत जनक्रान्तिमा आफ घनीभूत ढङ्गले लाग्नुपर्ने बोध भएको छ । देश, जनता, जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडनको अन्त्य वर्गसङ्घर्षबाट मात्र हुन्छ भन्ने बोध पनि भएको छ । हिरासत बसाइमा सघाउने सबैलाई धन्यवाद दिँदै आउने दिनहरूको चुनौती सामना गर्न तयार रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

## मजदुरहरुद्वारा ...

जनाएका छन् । 'नो वर्क नो पे' तथा 'हायर एन्ड फायर' विरोधी सङ्गठनहरूसँग सहकार्य गर्न आफूहरू तयार रहेको बताएका छन् । उनले आफ्ना मागहरू र खबरदारीहरूको बेवास्ता गरे कडाभन्दा कडा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् । पत्रकारसम्मेलनमा सरकार, रोजगारदाता र कथित ट्रेड युनियनका प्रतिनिधिसहित सहभागी रहेको भनिएको न्यूनतम् वेतन निर्धारण समितिले गरेको उक्त निर्णय र प्रक्रियाप्रति आफूहरूको गम्भीर असहमति रहेको मजदुर नेताहरूले बताएका थिए ।

पत्रकारसम्मेलनमा वितरण गरिएको प्रेसविज्ञप्तिमा भनिएको छ, 'कम्युनिस्ट नामधारी पुँजीवादी सरकारले गठन गरेको उक्त समितिमा सरकारपक्षीय सिन्डिकेटधारी पुँजीपतिका काठपुतली ट्रेड युनियनहरूको मात्र प्रतिनिधित्व र प्रभावमा परी अन्य श्रमिकपक्षीय ट्रेड युनियनहरूको प्रतिनिधित्व नगराई गरिएको निर्णय श्रमिकविरोधी र भर्त्सनापूर्ण रहेको छ ।'

मजदुर सङ्गठनहरूले आफ्ना माग पूरा गराउन ३५ बुँदे मागसहित चरणबद्ध सङ्घर्षका कार्यक्रम पनि घोषणा गरेका छन् जसअनुसार यही साउन १२ गते श्रममन्त्री तथा ७७ वटै जिल्ला प्रशासन कार्यलयसमक्ष ज्ञापनपत्र पेस बुझाउने, १५ गतेदेखि ३१ गतेसम्म देशैभर विरोधसभा तथा भदौ १ गते बाट दोस्रो चरणको आन्दोलन गर्ने बताएका छन् ।

## नेकपाका ...

बताए ।

पुष्पलालको सम्झना गर्दै नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य सुदर्शनले उनलाई एक नेता मात्र नभएर लेखक र विचारकसमेत भएको बताएका छन् । यो संश्लेषणले के प्रस्ट हुन्छ भने पुष्पलालको योगदान धेरै परसम्म अमर रहनेछ । उनै पुष्पलालको २०३५ साल साउन ७ गते ५४ वर्षको उमेरमा दिन निधन भएको थियो ।


## नेपाल इन्जिनियरिङ कलेजको बि.ई. तथा बि.आर्क. कार्यक्रमहरूको नयाँ भर्ना सम्बन्धी सूचना

**नेपालको इन्जिनियरिङ शिक्षा क्षेत्रमा विगत २४ वर्ष देखि संचालित, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ख्याति प्राप्त गैर नाफा मूलक सामाजिक संस्था यस नेपाल इन्जिनियरिङ कलेजमा शैक्षिक सत्र २०७५ को लागि स्नातक तहका निम्न कार्यक्रमहरुमा भर्नाको लागि दरखास्त आह्वान गरिन्छ ।**

| सि.नं. | कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १. | बि.ई. सिभिल | १४४ |
| २. | बि.ई. सिभिल एण्ड रुरल | ४८ |
| ३. | बि. आर्किटेक्चर | ४८ |
| ४. | बि.ई. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८ |
| ५. | बि.ई. कम्प्युटर | ९६ |
| ६. | बि.ई. इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन | ९६ |
| ७. | बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स | ४८* |

**फाराम Online भर्नु पर्नेछ**

**फाराम दस्तुर रु.२,०००/-**

**फाराम दस्तुर Online फाराम भर्नुभन्दा अगाडी नै तोकिएको स्थानमा बुझाउनु पर्नेछ ।**

**नोटः उल्लेखित कार्यक्रमहरुमा छात्राहरुका लागि २०% सिट सुरक्षित गरिएको छ ।**

*बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स (*nec* BDH) को प्रवेश परीक्षाको सूचना पछि प्रकाशित गरिने छ ।

**न्यूनतम योग्यताः** बिज्ञान विषय (फिजिकल वा बायो ग्रुप) लिई १०+२/Diploma in Engineering वा सो सरहमा कम्तिमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको ।

**१०+२ का सम्पूर्ण विषयहरुमा न्युनत्तम C ग्रेड ल्याएको हुनु पर्नेछ ।**

**फाराम भर्ने मितिः २०७५/०४/०१ गतेदेखि २०७५/०४/२५ गतेसम्म बेलुका ५:०० बजेसम्म**

**फाराम दस्तुर बुझाउने स्थानहरूः**

| नेपाल इन्जिनियरिङ कलेज | नेपाल इन्जिनियरिङ कलेज, *nec* CPS | Bright Educational Academy (BEA) |
|---|---|---|
| चाँगुनारायण-४, भक्तपुर | प्रयागपोखरी, लगनखेल, ललितपुर | थापाथली, काठमाडौं |
| सम्पर्क नं.: ०१-५२२१००६ | सम्पर्क नं.: ०१-५५३०१५८ | सम्पर्क नं.: ०१-४२४०२१३ |
| (बिहान ७:३० बजेदेखि साँझ ५:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) |

**प्रवेश परीक्षा**

**२०७५/४/२६ गते शनिबार** स्थान **नेपाल इन्जिनियरिङ कलेज, चाँगुनारायण-४, भक्तपुर** समय **बिहान १० बजे**

*पुनश्चः ११ कक्षा पास गरेका र १२ कक्षाको अन्तिम परीक्षा दिई परीक्षाफल प्रकाशित हुन बाँकी रहेका विद्यार्थीहरुले समेत आवेदन दिन सक्ने छन् ।*

**आवेदन फाराम भर्दा पेश गर्नु पर्ने कागजातहरुः**

- **१२ कक्षाको परिक्षा दिएको फोटो सहितको प्रवेशपत्रको प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि**
- **हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति फोटो ।**

विस्तृत जानकारीको लागि

**नेपाल इन्जिनियरिङ कलेज**
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण-४, भक्तपुर
फोन नं.: ०१-५२२१००६, फ्याक्स नं.: ०१-५२२१००१
मोबाइल नं. : ९८४१६६९६८४/९८४१३४४९१९
www.nec.edu.np, Email: info@nec.edu.np








## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ